स्वावलम्बन
सम्बाद
स्वावलम्बन विकास केन्द्रको समाचारपत्र – असोज २०७९, अंक ५

सिद्धान्तमा आधारित सदस्यमा केन्द्रित लघुवित्तको अभ्यास गर्दै बंगलादेश

लघुवित्तको मक्काको रुपमा चिनिने बंगलादेश करीब चार दशक पछि पनि लघुवित्तको मर्म, भावना र सिद्धान्तमा अडिग छ। यहाँका अधिकांस लघुवित्त संस्थाहरू गरीब तथा विपन्नवर्गको उत्थानमा प्रभावकारी ढंगले काम गर्न र उल्लेख्य मात्रामा सकारात्मक परिणामहरू हासिल गर्न सफल भएका छन्।

स्वावलम्बन विकास केन्द्रले नेपालका लघुवित्तकर्मीहरूको लागि आयोजना गरेको बंगलादेशका लघुवित्त संस्थाहरूको अध्ययन अवलोकन भ्रमणका सहभागीहरूले यस्तै निष्कर्ष निकालेका छन्। नेपालमा लघुवित्त कार्यक्रम ऋण प्रवाह र बचत संकलनमा सिमित रहेको तर बंगलादेशमा लघुवित्तहरूले आफ्ना सदस्यहरूको समग्र उन्नति र कल्याणमा ध्यान केन्द्रित गरिरहेको भ्रमण टोलीमा सहभागी सदस्यहरूको अनुभव छ। बंगलादेशका लघुवित्त संस्थाहरू अनुशासित रहेको र ऋण प्रवाह तथा अन्य सेवा प्रदान गर्दा लघुवित्तको लक्षित गरीब र विपन्न वर्गलाई दिने गरेका छन्। उनीहरूले कर्जा सुविधा सहित सदस्यको उत्पादन बढाउने, उत्पादनको उचित बजारीकरण र बजार विस्तारमा समेत सघाउने एवं उत्पादनको मूल्य श्रृंखलामा सहयोग गर्दै आएका छन्। साथै सदस्यहरूको स्वास्थ्य, शिक्षा, युवा तथा बयोबृद्धमैत्री कार्यक्रम, सरसफाई, वातावरण संरक्षण लगायत सामुदायिक विकासका काममा पनि जोड दिएका छन्। मुख्य कुरा बंगलादेशका लघुवित्त संस्थाहरूले लघुवित्तको आधारभूत सिद्धान्त र मर्म कडाईका साथ स्वपालना गरी रहेका छन्। संस्थाले गरेको नाफाबाट संस्थाको पूँजी बृद्धिमा जोड दिएका छन्। संस्थापकलाई लाभांश बाँड्नुको सट्टा माथिदेखि तल सम्मका सबै कर्मचारी, ग्राहक सदस्य र संस्थाको हितका लागि प्रतिबद्ध रहेको टोलीका सदस्यहरूको सिकाई छ।

आईडीएफका पदाधिकारीसँग पहिलो भ्रमण टोली

स्वावलम्बन विकास केन्द्रले नेपालका विभिन्न लघुवित्त संस्थाहरू र लघुवित्त गर्ने सहकारी संस्थाहरूका लागि पछिल्लो ६ महिनामा ५ वटा अध्ययन अवलोकन भ्रमणहरू आयोजना गरेको थियो। जसमा विभिन्न संस्थाका करीब ६० जना लघुवित्तकर्मीहरूले बंगलादेशका प्रमुख लघुवित्त संस्थाहरूको अध्ययन अवलोकन गरेका हुन्। इन्टीग्रेटेड डेभलपमेन्ट फाउन्डेशन (आईडीएफ), बंगलादेशसँगको संयोजनमा आयोजित अध्ययन अवलोकन भ्रमणमा सञ्चालक समितिका अध्यक्ष, सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत, विभागीय प्रमुखहरू, ईलाका र शाखा प्रबन्धकहरूको सहभागिता रहेको थियो।

लघुवित्तकर्मीहरूलाई लघुवित्त कार्यक्रमका उत्कृष्ट अभ्यासहरू अवलोकन गराई सिक्ने अवसर प्रदान गर्ने र सिकेको उत्कृष्ट अभ्यासहरू नेपाली लघुवित्त क्षेत्रमा लागु गर्न प्रेरित गर्ने हेतुले स्वावलम्बन विकास केन्द्रले अध्ययन अवलोकन भम्रणको आयोजना गरेको थियो। आठ दिने भ्रमणको अवसरमा भ्रमणकर्ताहरूलाई बंगलादेशका लघुवित्त संस्थाहरूको कार्यशैली, संस्थागत संयन्त्र, रणनीति र प्रविधिहरूसँग परिचित गराईएको थियो।

भ्रमण टोलीका सदस्यहरूले ग्रामीण बैंक, इन्टीग्रेटेड डेभलपमेन्ट फाउन्डेशन

यस भित्र

पढ्दै कमाउँदै काभ्रेको ...	पृ. ५
२०७७ सालको उत्कृष्ट ...	पृ. ७
लघुवित्त संस्थाहरू मर्म ...	पृ. ८
बर्तमान सभ्यताले खतरा ...	पृ. १०
क्रेडिट एक्सेस ग्रामीण ...	पृ. १३
उद्यमशीलता विकास र ...	पृ. १५
गरीबी, बेरोजगारी र ...	पृ. १६
लक्षित वर्गको हितमा ...	पृ. १९
स्वावलम्बन विकास केन्द्रको ...	पृ. २०

युनूस सेन्टरमा दोश्रो भ्रमण टोली

(आईडीएफ), ब्राक बंगलादेश र बुरो बंगलादेश गरी चारबटा लघुवित्त संस्थाको भ्रमण गर्नुको साथै उक्त संस्थाहरूको कार्यशैली, उपलब्धी र सामना गरीरहेका चुनौतीहरू, प्रगतिका सुचकहरूको बारेमा जानकारी लिएका थिए । भ्रमण टोलीले उक्त संस्थाहरूका केन्द्रिय कार्यालयका साथै, ईलाका तथा शाखा कार्यालय, केन्द्र बैठक, लघुवित्त सदस्यका उद्यम व्यवसाय र अन्य सामाजिक उत्तरदायित्व अन्तर्गत गरेका गतिविधिहरू पनि अवलोकन गरेका थिए । भ्रमणको अवसरमा उनीहरूले लघुवित्तका कर्मचारी, सदस्य र सरोकारवालाहरूसँग पनि अन्तरकृया गरेका थिए ।

टोलीका सदस्यहरूले भ्रमण पछि बंगलादेशमा लघुवित्त सञ्चालन गरेका संस्थाहरूले ग्रामीण पद्धतिको मुल्यमान्यता र मापदण्डहरू कडाईका साथ अनुशरण गरेको, लघुवित्त संस्थाहरू बीच आफ्ना ग्राहक सदस्यहरूको जीवनस्तर सुधार्नकोलागि वित्तीय सेवा संगै गैर वित्तीय सेवाहरू प्रदान गर्न स्वस्थ प्रतिस्पर्धा रहेको, सदस्यको उत्थानको लागि मन, बचन र कर्मले काम गर्ने गरेको, सदस्यहरूको आवश्यकता र क्षमताको विश्लेषण गरेर मात्र ऋण प्रवाह गर्ने गरेको लगायतका मुख्य सिकाईहरू भएको बताएका छन् ।

भ्रमण टोलीहरूले विश्वको सबैभन्दा ठूलो र लघुवित्तको अग्रणी संस्था ग्रामीण बैंक भ्रमण गरेका थिए । ग्रामीण बैंकको ९८ लाख ऋणी सदस्यहरू छन् भने ऋण लगानी ३४,५०० मिलियन अमेरिकी डलर (४४ खर्ब ८५ अर्ब रुपैयाँ) छ । ग्रामीण बैंकले आफ्ना सदस्यहरूसँग नजिकमा रहेर काम गर्ने नीति लिएको छ । जसको कारण कर्मचारीहरूले सदस्यहरूसँग भेटघाट र अन्तरकृया गर्न पर्याप्त समयको व्यवस्थापन गर्ने गरेका छन् । ईलाका प्रबन्धकले दैनिकरुपमा एउटा केन्द्र बैठक र दुईवटा ऋणी सदस्यको व्यवसाय हेर्ने गर्छन् भने शाखा प्रवन्धकले पनि दैनिक दुईवटा केन्द्र बैठक र चारवटा सदस्यहरूको उद्यम व्यवसायको अनिवार्य अवलोकन गर्नु पर्ने व्यवस्था छ । यसै गरी हरेक कर्मचारीले प्रत्येक दिन तीनवटा केन्द्र बैठक हेर्ने गर्छन । ग्रामीण बैंकले शाखास्तरमा डिजिटल उपकरणहरू अभ्यासमा ल्याएको छैन् । यसको मुख्य कारण भनेको डिजिटल उपकरणहरू सदस्यमैत्री नहुनु र कर्मचारी र सदस्यबीचको दुरी बढाउने जस्ता नकारात्मक असर गरेको ठहर गरेर ग्रामीण बैंकले यसो गरेको हो । ग्रामीण बैंकले अहिले पनि साप्ताहिक केन्द्र बैठक गर्छ । केन्द्रमा एउटा केन्द्र प्रमुख चुनिएको हुन्छ । केन्द्र प्रमुखले आफ्नो केन्द्रका सदस्यहरूको वास्तविक अवस्था बुझेको हुने हुँदा ऋण प्रवाह गर्दा उसको सिफारिस अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ । ग्रामीण बैंकको यो कार्यशैलीले सदस्य र संस्था दुवै लाभान्वित भएका छन् ।

यसैगरी, ग्रामीण बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत सदस्यलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, खानेपानी लगायत सर्वाङ्गिण विकासको लागि उत्कृष्ट गैर वित्तीय कार्यक्रमहरू ल्याएको छ । प्रत्येक वर्ष ग्रामीण बैंकका कर्मचारीहरूले सदस्यहरूको घरदैलोमा पुगेर उनीहरूले लिएको ऋणबाट कसरी उन्नति प्रगति गरी रहेका छन् र सरसफाई, शिक्षा र अन्य सामाजिक-आर्थिक अवस्थाहरूमा के कस्तो परिवर्तन आएको छ भन्ने विवरणहरू सङ्कलन गर्छन् । यसरी फिल्डस्तरबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण गरी अति गरीबीमा रहेका, गरीबीको रेखामुनि रहेका र गरीबीको रेखाबाट स्तरोन्नति भएको भनी सदस्यलाई पाँचवटा तहमा वर्गीकरण गर्ने र पाँचवटै फरक फरक रंगको स्टीकर उपलब्ध गराउने गरेको छ । साथै सोही अध्ययनको आधारमा आफ्ना वित्तीय र गैर वित्तीय कार्यक्रमहरू ल्याउने तथा परिमार्जन गर्ने गरेको छ ।

ग्रामीण बैंकले आफ्नो कार्यक्रममा घरवार विहीन र सहारा विहीन भिखारी, मगन्तेहरूलाई समेत समेटेको छ । यस्तै शैक्षिक ऋण र छात्रबृति लगायतका लोकप्रिय कार्यक्रमहरू पनि छन् । ग्रामीण बैंकले सदस्यका छोराछोरीलाई उच्च शिक्षा अध्ययनको लागि वर्षेनी २७ हजार जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ । जसमध्ये ५० प्रतिशत सिट महिलाको लागि आरक्षित छन् । त्यस्तै ग्रामीण बैंक संग परिवारका सदस्यको मृत्युमा, प्राकृतिक प्रकोप र गम्भीर स्वास्थ्य समस्याहरूमा सदस्यको भलाईको लागि ग्राहक सुरक्षा योजनाहरू पनि छन् । ग्रामीण बैंकमा ग्राहक सदस्यहरूको ७५ प्रतिशत स्वामित्व र बाँकी २५ प्रतिशत बंगलादेश सरकारको स्वामित्व रहेको छ ।

ग्रामीण बैंकले बंगलादेशको ९९ प्रतिशत समुदायमा आफ्नो सेवा प्रवाह गरेको छ । ग्रामीण बैंकको एक आँकडाले आफ्ना

आईडीएफ कार्यालयमा तेश्रो भ्रमण टोली

शतप्रतिशत सदस्यहरू शिक्षा, सुरक्षित खानेपानी, सरसफाई र पोषणमा पहुँच पुऱ्याएको देखाएको छ। जवकि राष्ट्रिय तथ्याङ्क अनुसार औषत ९८ प्रतिशत बंगलादेशी नागरिकको मात्रै शिक्षा, सुरक्षित खानेपानी, सरसफाई र पोषणमा पहुँच पुगेको छ। यसै गरी ग्रामीण बैंकले हाल सम्म आफ्ना ९८ लाख सदस्य मध्ये ६८ प्रतिशत सदस्यलाई गरीबीको रेखामुनीबाट माथि उकास्न सफल भएको छ। यस्ता आंकडा हेर्ने हो भने ग्रामीण बैंक आफ्ना सदस्यहरूको सर्वाङ्गिण विकास गर्न मात्रै सफल भएको छैन देशकै मानव विकास सुचकांक सुधारमा समेत ठूलो योगदान गर्न सफल भएको मान्न सकिन्छ।

भ्रमण टोलीका सदस्यहरूले इन्टीग्रेटेड डेभलपमेन्ट फाउन्डेसन (आईडीएफ)को कार्यशैली पनि अनुशरण योग्य रहेको पाएका छन्। आईडीएफले आफ्नो लघुवित्त तथा गैर वित्तीय सेवा प्रवाह गर्न गरीब र सीमान्तकृत समुदायलाई विशेष महत्व दिएको छ। यो संस्थाले शाखास्तरमा कुनै पनि डिजिटल उपकरणहरू अभ्यास नगरी ग्राहक सदस्यको भौतिक भेटघाटलाई प्राथमिकता दिएको छ। आईडीएफले संस्थाको बार्षिक नीति नियम र योजना बनाउनको लागि शाखा स्तरबाट सूचना र अन्य आवश्यक विवरणहरू संकलन गरेर केन्द्रलाई योजना प्रस्ताव गर्ने र शाखाबाट प्रस्ताव गरेका योजनाहरू केन्द्रले छनौट र स्वीकृत गर्ने नीति अंगालेको छ। सदस्यको घर दैलोबाट प्राप्त सूचनाको आधारमा बन्ने हुँदा आईडीएफको योजना र कार्यक्रमहरू दिगो र प्रभावकारी भएका छन्। साथै कर्मचारी र सदस्यहरू विचको मित्रवत सम्वन्धको कारण बनेका योजनाको कार्यान्वयन पनि सहज हुने गरेको छ। यही कारण आईडीएफको सदस्य ऋणी अनुपात ८२ प्रतिशतभन्दा माथि छ। त्यसैगरी कर्जाको उपयोग अनुपात पनि राम्रो छ र असुली दर ९९ प्रतिशत भन्दा माथि छ।

आईडीएफले पनि ग्रामीण बैंक जस्तै भिखारीहरूको जीवनस्तर उकास्न निशुल्क, निर्ब्याजी भिखारी कर्जा (Beggar Loan) योजना ल्याएको छ। भिखारी कर्जा सेवा लिएकाहरूले भिख माग्न छाडेर विभिन्न आयआर्जनका काममा संलग्न हुने गरेका छन्। हाल भिखारी कर्जा कार्यक्रम अन्तर्गत २६० जना सक्रिय सदस्य रहेका छन्।

युनूस सेन्टरमा चौथो भ्रमण टोली

जसमा २७ लाख टाका (बंगलादेशी रुपैंया) ऋण लगानी रहेको छ भने बचत रकम ५४ हजार टाका रहेको छ। यो योजनाबाट हालसम्म १३० जना भिखारी सदस्यले भिख माग्न छाडेर लघुउद्यममा संलग्न भएका छन्। साथै उनीहरू अति विपन्न वर्गबाट विपन्न वर्गमा स्तरोन्नति भएका छन्। आइडीएफले आफ्ना सदस्यहरूको विवरण संकलन गरेर अति विपन्न भिखारी, अति गरीब, गरीब र उद्यमी गरी चार किसिमले वर्गीकरण गरेको छ र चारवटै वर्गका लागि फरक-फरक कार्यक्रम लागु गरेको छ।

आइडीएफको विशिष्ट विशेषता भनेको स्वास्थ्य, शिक्षा, सौर्य ऊर्जा, बीमा, खानेपानी, सरसफाई, ग्राहकहरूको उद्यम र व्यवसाय विकास, बयोबृद्धको लागि मनोरञ्जन, कुलतमा फसेका युवाहरूलाई पुनर्स्थापना लगायत जैविक विविधता संरक्षण जस्ता गैर वित्तीय सेवाहरू हुन। यी कार्यक्रमहरूले सदस्यको जीवनस्तर उकास्नुको साथै संस्थाको ऋण असुली दर लगायत समग्र लघुवित्त कार्यक्रममा सकारात्मक परिणाम दिएको छ। आईडीएफले आफ्ना सदस्यहरू र उनीहरूका परिवारहरूलाई विशेष स्वास्थ्य सेवाहरू उपलब्ध गराउन तीन जना यमवीवीएस डाक्टरहरू नियुक्त गरेको छ भने ७० जना प्यारामेडिक डाक्टरहरू नियुक्त गरेको छ। एक जना प्यारामेडिक डाक्टरले प्रत्येक दिन दुईवटा शाखा भ्रमण गरेर स्वास्थ्य सेवा दिने गरेका छन्। एमबीबीएस र प्यारामेडिक्सका बाहेक सबै ११६ वटा शाखामा स्वास्थ्य कार्यकर्ता नियुक्त गरेको छ। स्वास्थ्य कार्यकर्ताले स्वास्थ्य सम्बन्धी जानकारी सङ्कलन गरी सदस्यहरूलाई स्वास्थ्य शिक्षाबारे सचेत गराउँछन्। आइडीएफले सदस्यका छोराछोरीलाई शिक्षा सेवा पनि प्रदान गर्दै आएको छ। यस्तै आफ्ना सदस्यहरूले उत्पादन गरेको सामाग्रीहरूको बजार व्यवस्थापनमा पनि सघाउने गरेको छ। दुध उत्पादक सदस्यहरूको उचित मुल्य व्यवस्थापनको निम्ति त आफ्नै डेरी स्थापना गरेको छ।

सहभागीहरूको अनुभवमा बंगलादेशकै अर्को परिचित लघुवित्त संस्था बुरो बंगलादेश पनि आफ्ना ग्राहकहरूप्रति पूर्णरूपमा प्रतिबद्ध र जिम्मेवार छ। साथै सदस्यमैत्री परियोजना तथा कार्यक्रमहरू ल्याएर आफ्ना सदस्यहरूको जीवनस्तर उकास्न संवेदनशील रहेको छ। बुरो बंगलादेशले थोरै लागतमा प्रभावकारी लघुवित्त सेवा प्रवाह गर्ने दुरदृष्टि सहित काम गरी रहेको छ। यसको लागि कम लागतका प्रभावकारी र दिगो परियोजनाहरू छनोटमा केन्द्रित रहेको छ। जुन कुरा आफ्ना ग्राहक सदस्यसँग राम्रो सम्बन्ध कायम राखेर, सदस्य संग निरन्तर सम्पर्कमा रहेर र उनीहरूको बारेमा राम्रो जानकारी राखेर मात्र सम्भव हुने ठानेर सोही अनुरूप काम गरी रहेको छ।

पाँच वटा भ्रमण टोली मध्ये पछिल्लो एउटा टोलीले ब्राक बंगलादेशको कार्यक्रमहरू पनि अध्ययन अवलोकन गरेको थियो। यस संस्थाले पनि ऋण प्रवाह संगै सदस्य र समुदायको चौतर्फी विकासमा विशेष ध्यान केन्द्रित गरिरहेको छ। यसले युवा विकास, शिक्षा, स्वास्थ्य, सरसफाई, स्वच्छता र सदस्य र उनीहरूको समुदायको विकासमा अन्य आधारभूत आवश्यकताहरूमा पनि सहयोग गर्दै आएको छ।

भ्रमण गरिएका सबै संस्थाले अन्य कुनै पनि बीमा कम्पनीहरूको भर नपरी स्वास्थ्य बीमा, परियोजना जोखिम बीमा र पशुपन्छी बीमा लगायतका विभिन्न बीमा योजनाहरू प्रभावकारीरूपमा सञ्चालन गरी रहेका छन्।

आईडीएफका पदाधिकारीसँग चौथो भ्रमण टोली

अध्ययन अवलोकन भ्रमणका मुख्य सिकाईहरू

१. लघुवित्तले गरीब र अति विपन्न वर्गलाई आफ्नो सदस्यकोरूपमा प्राथमिकताको साथ समेटनु पर्छ ।

२. समुहमा हुने खाने तथा सम्पन्न सदस्यहरूलाई समावेश गरेमा समुह संस्कृति र ऋण अनुशासन बिग्रन्छ ।

३. लघुवित्त संस्थाहरूले आफ्ना सदस्यलाई लगानी गर्दा उसको चौतर्फी विकासलाई ध्यान दिनु पर्छ । ऋण लगानी संगै उसलाई आवश्यक सीप तथा दक्षता पनि दिनु पर्छ । साथै सरोकारवाला संघ संस्था संगको समन्वय तथा आफ्नै मुनाफाबाट स्वास्थ्य सेवा, सरसफाई, शिक्षा, साक्षरता, बाल हेरचाह आदि जस्ता पूरक कार्यक्रमहरू पनि प्रदान गर्नुपर्छ ।

४. संस्थागत मुनाफालाई पूँजीको बलियो आधार र कार्यक्रमहरूको दिगोपन निर्माण गर्न लगानी गर्नु पर्छ । बाह्य ऋणमा अधिक निर्भरता घातक हुन सक्छ ।

५. सदस्यहरूको साप्ताहिक बैठक प्रभावकारी हुने देखिएको छ ।

६. लघुवित्त संस्थाहरूले ऋणको आकार र किस्ताहरू साना राख्ने, धितो रहित ऋण दिने, सदस्यहरूको क्षमता र आवश्यकता अनुसारको ऋण प्रवाह गर्ने, बहुकर्जामा रोक लगाउने लगायत लघुवित्तको सिद्धान्त र आधारभूत मूल्यमान्यताहरूलाई अनुशासित भएर कडाईका साथ पालना गर्नुपर्छ ।

७. लघुवित्त कर्मचारी र सदस्यहरू बीच घनिष्ट सम्बन्ध निर्माण गर्न आवश्यक छ ।

८. सदस्यको इमान्दारिता र ऋणको उचित प्रयोगको सुनिश्चितता गर्न लघुवित्त संस्थाका अधिकारी तथा कर्मचारीहरूले नियमित रुपमा घरदैलो भेट कार्यक्रम गर्नु आवश्यक छ ।

९. वार्षिकरुपमा आफ्ना सदस्यको सामाजिक तथा आर्थिक अवस्था वा प्रगतिबारे विवरण संकलन गरी सदस्यको वर्गीकरण गर्नु पर्ने र सोही अनुसार नयाँ कार्यक्रमहरू तर्जुमा गर्ने र पुराना कार्यक्रमहरू परिमार्जन गर्नु पर्ने ।

भ्रमण पछि समीक्षाको अवसरमा टोलीका सदस्यहरूको धारणा

स्वावलम्बन विकास केन्द्रमा आयोजित भ्रमण पछिको समीक्षामा सहभागीहरूले बंगलादेशमा लघुवित्त संस्थाहरूको कार्यशैलीबाट निकै प्रभावित भएको र सिकाईहरू सकारात्मक रहेको बताए ।

'नेपाल र बंगलादेशमा लघुवित्तको प्रक्रिया एउटै भए पनि बंगलादेशका लघुवित्त संस्थाहरू राम्ररी प्रशिक्षित कर्मचारीहरूले सुसज्जित भएको छन् । कर्मचारीहरू अनुशासित, काम प्रति लगनशील, सदस्य प्रति जिम्मेवार, समयनिष्ठ र आफ्नो संस्थाप्रति वफादार रहेर लघुवित्तको मर्म र भावना अनुरुप काम गरी रहेका छन् ।'

रचना श्रेष्ठ
जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लि.

'बंगलादेशका लघुवित्त संस्थाहरूले न्यूनतम लगानीबाट सदस्यहरूको जीवनमा अधिकतम नतिजा ल्याई रहेका छन् । उनीहरूलाई पैसाको मूल्य थाहा छ र लगानी गर्ने तरिकाहरू पनि सिक्न लायक छन् ।'

खग कुमारी भण्डारी
जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लि.

'आईडीएफ स्वास्थ्य र शिक्षा कार्यक्रम जस्ता क्रेडिट प्लस गतिविधिहरूमा व्यापकरूपमा संलग्न भएको छ । नेपालमा पनि लघुवित्तहरूले आफ्ना ग्राहक सदस्यको हितमा केन्द्रित भएर गैर वित्तीय सेवा प्रवाह गर्न प्रतिस्पर्धा गर्नु पर्ने सिकाई भएको छ ।'

ज्ञानेन्द्र कुमार सिंह
स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.

'ग्रामीण बैंक, आईडीएफ र बुरो बंगलादेशले स्वास्थ्य बीमा, परियोजना जोखिम बीमा र पशुधन बीमा प्रभावकारी रूपमा सञ्चालन गरेका छन् । जुन कुरा नेपालले पनि सिक्न लायक छ ।'

सरिता भण्डारी
स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.

'बंगलादेशमा एरिया म्यानेजरले पीजीटी देखि कर्जा वितरण र ग्राहक सदस्यको व्यवसाय स्थल सम्म पुगेर कर्जाको उपयोग बारे गहन तरिकाले सूचना वा विवरणहरू राख्ने प्रक्रिया निकै रोचक र प्रभावकारी लागेको छ । यस्तो कुरा हामीले विर्सिएको जस्तो लाग्छ ।'

गुरुप्रसाद पोखरेल
छिमेक लघुवित्त वित्तीय संस्था लि.

'बंगलादेशका लघुवित्त संस्थाहरूद्वारा डिजाईन गरिएका परियोजनाहरू गरीब र सीमान्तकृत समुदायको यथार्थमा आधारित छन् । यस्ता परियोजनाहरू दिगो छन् र ऋण उपयोगको अनुपात पनि उत्कृष्ट छ । यो नै बंगलादेशबाट नेपालले सिक्नु पर्ने कुरा हो ।'

हरिप्रसाद डुम्राकोटी
छिमेक लघुवित्त वित्तीय संस्था लि.

पढ्दै कमाउँदै काभ्रेको श्री राम उच्च माध्यमिक विद्यालयका विद्यार्थी

चल्ला प्राप्त गरेपछि विद्यार्थी र अभिभावकहरू

काभ्रेपलाञ्चोक जिल्ला पाँचखाल नगरपालिका वडा नं. ८ का राकेश तामाङ स्थानीय श्री राम माध्यमिक विद्यालयमा कक्षा ८ मा पढ्छन् । पढाई संगै राकेशले बिहान र बेलुकीको समय सदुपयोग गर्दै कुखुरा पाल्न शुरु गरेका छन् । केही दिन अघि मात्र राकेशले ५ वटा कुखुरा बेचेका थिए । अहिले उनी संग ३ वटा कुखुरा छन् । बिक्री गरेको कुखुराबाट उनले ६ हजार ८ सय रुपैयाँ आम्दानी गरेका थिए । आफ्नो जीवनमा गरेको पहिलो आम्दानीले उनलाई निकै खुशी दिएको छ । यसबाट उनलाई पढाई सँगै कमाउन सकिने रहेछ भन्ने आत्मविश्वास पैदा भएको छ । "अब फेरी अर्को लट चल्ला थप्ने हो । बाख्रा पनि पाल्नु पर्छ होला भन्ने लागेको छ ।" उनले भने । "एउटै कुखुरा २ देखि साढे तीन किलो सम्मको भएको थियो । किलोको ५ सय ५० रुपैयाँमा बेचेको हो । पैसा सबै घरमा मम्मीलाई दिए । मम्मी पनि खुशी हुनुभयो ।"

सोही विद्यालयमा कक्षा ८मा पढ्ने छात्रा रमिला विसुन्केले पनि आफैले हुर्काएका ७ वटा कुखुरा बेचिन । यसबाट उनले ८ हजार ७५ रुपैयाँ आम्दानी गरिन् । यसले घर खर्च चलाउन सहयोग भयो । "कुखरा बेचेको पैसाले कापी, कलम र स्कुल ड्रेस किने । अझै केही पैसा बचेको छ । बचेको पैसाले फेरी चल्ला किनेर पाल्ने सोच बनाएकी छुँ ।" रमिलाले आफ्नो योजना सुनाईन् ।

रमिला विसुन्खे र राकेश तामाङ जस्तै श्री राम माध्यमिक विद्यालयमा पढ्ने कक्षा सात र ८ का २० जना विद्यार्थीहरूले चल्ला हुर्काएर आम्दानी गर्न सफल भएका हुन् । यसबाट उनीहरूले उद्यमी बन्न चाहिने ज्ञान पनि हासिल गरेका छन् । उनीहरूको कामबाट शिक्षक र अभिभावक पनि दंग भएका छन् ।

विद्यालयका प्रधानाध्यापक राजमान तामाङको सहजीकरणमा स्वावलम्बन विकास केन्द्रले चल्ला प्रदान गरेको थियो । केन्द्रले बालबालिकाहरूलाई विद्यालय उमेर देखि नै पढाई सँगै उद्यमको शुरुवात गर्ने र बालबालिकाहरूलाई आफ्नै गाउँठाउँमा व्यवसाय गरी जीवनस्तर उकास्न सकिने सम्भावना बोध गराउनको लागि उद्यमशीलता विकास कार्यक्रमको शुरुवात गरेको केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले बताउनु भएको छ । "नेपालमा युवा जनशक्ति विदेशिने जुन परम्परा छ त्यसलाई रोक्नु अहिलेको मुख्य चुनौति हो । नेपालमा गर्न नसकिने केही छैन । यसको लागि हामीले विद्यालय उमेर देखिनै युवाहरूलाई पढाई संगै उद्यम गर्ने सीप दिनु आवश्यक छ । गरीबीको कारण अधिकांश अभिभावकहरूले धेरै समय सम्म लगानी गर्ने क्षमता हुँदैन र १५, १६ बर्षको भए पछि नै छोराछोरीले घर व्यवहारमा सघाओस भन्ने चाहना राख्छन् । तर त्यतिन्जेल विद्यालयमा केही सीप सिकेको हुदैन । अन्तमा युवा विदेशिन बाध्य हुन्छन् । युवाको ठूलो जमात विदेशिदा हामी परनिर्भर भएका छौँ । हाम्रो चाहना भनेको यो विद्यालय किताबको मात्र ज्ञान दिने होइन कि व्यवहारिक ज्ञान दिने र उद्यम व्यवसाय गरेर आत्मनिर्भर बन्न सिकाउने थलो बनोस र समुदायमा पनि उद्यमशीलताको ज्योति फैलाउन नमुना बनोस भन्ने हो । त्यसैले हामीले २० जना विद्यार्थीलाई चल्ला हुकार्उन सिकाएर उद्यमशीलताको शुरुवात गरेका हौँ ।" श्रेष्ठले भन्नुभयो ।

यस कार्यक्रम अन्तर्गत २०७९ जेठ २२ गते सो विद्यालयका कक्षा ७ मा अध्ययनरत १० जना र कक्षा ८ मा अध्ययनरत १० जना गरी कुल २० जना विद्यार्थीहरूलाई प्रति विद्यार्थी १० वटा गिरीराज जातको कुखुराको चल्ला वितरण गरिएको थियो । स्थानीय बजार, हावापानी तथा बालबालिकाको पारिवारिक, आर्थिक तथा सामाजिक अवस्था बुझेर गिरीराज जातका चल्ला वितरण गरी कार्यक्रम शुरू गरिएको थियो । विद्यार्थीहरूको चाहना अनुसार विद्यालयका प्रधानाध्यापकको समन्वयमा केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठको उपस्थितीमा चल्ला हस्तान्तरण गरिएको थियो ।

कार्यक्रम अन्तर्गत विद्यार्थीहरू आफैले चल्ला हुर्काउने र कुखुरा बिक्री गरे पछि चल्ला किन्दा परेको आधा मुल्य विद्यालयलाई फर्काउने योजना थियो । यसरी फर्काएको रकमबाट विद्यालयले घुम्ती कोष खडा गरी विद्यार्थीको अर्को उद्यमी समुह बनाउने र उद्यमशीलताको काम निरन्तर अघि बढाउने

चल्ला लिएर घर जाँदै विद्यार्थी र अभिभावक

विद्यार्थीहरूले चल्ला हुर्काएपछिका केही झलक

कार्यक्रमको प्रकृया हो । घुम्ती कोष सञ्चालनको संयोजकमा विद्यालयका प्रधानाध्यापक राजमान तामाङ रहनु भएको छ । "हाल पहिलो लटका १४, १५ जना विद्यार्थीहरूले चल्ला हुर्काएर बेची पनि सके । अरुले पनि बेच्न शुरु गरेका छन् । प्रत्येक विद्यार्थीले १ हजार रुपैयाँ घुम्तीकोषमा फिर्ता गर्नेछन् । धेरै जनाले गरी पनि सकेका छन् । अब २० जनाले २० हजार फिर्ता गर्ने र त्यसबाट फेरी हामीले अरु भाई बहिनीहरूलाई कुखुरा वा अन्य कुनै व्यवसाय गर्न सघाउने भन्ने बारे सल्लाह गर्ने छौं ।" तामाङले भन्नुभयो । साथै उहाँले यसबाट विद्यार्थीलाई आयआर्जन संगै राम्रो सिकाई भएको बताउनु भयो । "राष्ट्रपति पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत हामीले पनि प्रस्ताव पेश गरेका थियौं । तर हाम्रो प्रस्ताव परेन । त्यही बेला स्वावलम्बन विकास केन्द्रका सरहरूसंग सम्पर्क भयो । उहाँले यो २० जना विद्यार्थीलाई चल्ला दिनु भयो र कुखुरा पालन शुरु गर्‍यौं । उनीहरू सबै जनाले चल्ला आफैले हुर्काएर बेच्न सम्म के के कुरा गर्नु पर्दो रहेछ भन्ने बारे सिके । कुखुराको दाना, रोग, स्याहार बारे जानकारी लिनुको साथै बजारबारे पनि अनुभव गर्न पाए । यद्यपि केही कुखुराहरू मरेका छन् तर त्यसबाट पनि सिकाई भएको छ । उनीहरूको यो अवधि सिर्जनशीलता र सिकाईमा खर्च भयो । उनीहरूलाई भोलि कस्तो व्यवसाय गर्ने र कसरी गर्ने भन्ने ज्ञान पनि भएको छ ।" तामाङले भन्नुभयो ।

पहिलो समुहका अधिकांश विद्यार्थीहरूले आफुले पाएका १० मध्ये ८, ९ वटा चल्लाहरू हुर्काएर बेच्न सफल भएका छन् । घरमै प्राप्त खानेकुराको भरमा हुर्काइएका कुखुरा साढे २ देखि साढे ३ किलो सम्म वजनका भए । घरैमा ज्यूदो कुखुरा प्रति किलो ५५०मा बिक्री गरे । यो विचमा उनीहरूले सिकेका सीप र आर्जन गरेको ज्ञान हिजोका दिनमा अभिभावकहरूले कुखुरा पालेको भन्दा अझ फलदायी सावित भएको अनुभव स्वयं विद्यार्थीहरूले गरेका छन् । कक्षा ८ की सविता तामाङका अनुसार पहिला घरमै कुखुरा हुन्थ्यो तर त्यो अभिभावकले पाल्थे र आफुलाई चासो हुदैनथ्यो । तर अहिले कुखुरालाई के खान दिने, कतिखेर दिने, विरामी हुँदा के गर्ने भन्ने देखि लिएर बेच्ने बेला सम्मको सबै कुरा थाहा भयो ।

सविताले हाल दुईवटा कुखुरा बेचेर कापी, कलम र विद्यालयको पोशाक किनिन् । ५ वटा कुखुरा मंसिर पूर्णिमाको बेला बेच्ने योजना बनाएकी छिन् । त्यो बेला कुखुरा पनि ठूलो हुन्छ र भाउ पनि बढी आउँछ भन्ने उनको ठम्याई हो । सविताको यो योजनाले विद्यार्थीहरूले कुखुरा पाल्न र त्यसको बजारीकरणमा राम्रो ज्ञान हासिल गरेका छन् भन्ने सहजै अनुमान लगाउन सकिन्छ । साथै विद्यार्थीहरूको आत्मविश्वास पनि बढेको छ । पहिलो प्रयासमै उनीहरूले उत्साह बटुलेका छन् र उद्यमी बनेको महशुस गरेका छन् । कुन जातको कुखुरा पाल्दा हुन्छ । कुखुरा पाल्ने की अन्य व्यवसाय राम्रो हुन्छ भन्ने जस्ता कुराको निर्णय लिन सक्ने भएका छन् । अहिले उनीहरू कुखुरा भन्दा पनि बाख्रा पाल्न सहज र फाइदाजनक हुने निष्कर्षमा पुगेका छन् । सोही कुरा विद्यार्थीहरूले प्रधानाध्यापक राजमान तामाङ समक्ष राखेका छन् । "विद्यार्थीले कुखुरा पाल्दा स्याहार अलि धेरै गर्नु पर्ने र समय बढी दिनु पर्ने जस्तो मानेका छन् । आफु दिउँसो विद्यालय जाने र धेरै जसो अभिभावक मेलापात जाने हुँदा दिउँसोको समयमा स्याल, बिरालो जस्ता जनावरले कुखुरा र चल्ला मार्ने घटना भए । जसको चल्ला मरेका छन् उनीहरू आफु विद्यालय गएको बेला मरेछन् । यसले गर्दा उनीहरूलाई बाख्रा भए विहान बेलुकी दानापानी दिए पनि हुने भन्ने जस्तो ज्ञान भएको छ । त्यो अनुभव र ज्ञान हुनु निकै ठूलो सिकाई हो । यो ठाउँमा घाँसपात र जंगल पनि प्रसस्तै छ । उनीहरूले बाख्रा पाल्न पनि सक्ने देखिन्छ र हामीले अब थोरै भए पनि बाख्रा पनि दिने कि भन्ने सोचेका छौं ।" तामाङले भन्नुभयो ।

कुखुरा पालनमा संलग्न रहेका २० वटै विद्यार्थीहरूको पारिवारिक पृष्ठभूमि आर्थिक हिसावले कमजोर छ । अभिभावक संग आम्दानीको गतिलो श्रोत छैन । परम्परागत खेतीपाती, पशुपालन तथा ज्याला मजदुरी गरी जीवन निर्वाह गर्छन् । छोराछोरीले गरेको आम्दानीबाट खुशी भएका अभिभावकहरूलाई उनीहरूको बानिमा आएको सुधारले थप दंग बनाएको छ । सानैमा बुवा गुमाएका कक्षा ७ का ईशराज तामाङको ४ जनाको परिवार छ । तीन जना भाइबहिनी सानै छन् । परिवार धान्ने सम्पूर्ण जिम्मा एकल आमाको काँधमा छ । उनले ५ वटा कुखुरा बेचेर सबै पैसा आमालाई दिँदा निकै खुशी लागेको बताए ।

कक्षा ८ का राकेश तामाङकी आमा लासाङ लामाले आफ्नो लागि राकेशले ५ वटा कुखुरा बेचेर कमाएको ६ हजार ८ सय रुपैयाँ निकै ठूलो रकम भएको बताउनुभयो । "आफु संग गतिलो आम्दानीको श्रोत छैन । श्रीमान् र जेठो छोराले काठमाडौं तिर गएर ज्याला मजदुरी गर्छन् । मैले गाउँमै मेलापात गर्ने हो । सबैले दुख गरी सात जनाको परिवार पाल्न पनि समस्या हुन्छ । फेरी आफु संग जग्गाको नाउँमा मुस्किलले ५ महिना खान पुग्ने पाखो बारी मात्रै छ । बाँकी ७ महिना किनेरै खानु पर्छ उहाँले भन्नुभयो । 'राकेशले गरेको कामबाट निकै खुशी छौं । आम्दानी सँगै उसको बानी पनि सप्रेको छ, पहिला डुलेर हिड्थ्यो ।

(बाँकी पृष्ठ ७ मा)

२०७७ सालको उत्कृष्ट लघुउद्यमी सदस्य पुरस्कारबाट
तीनजना महिला पुरस्कृत

विभिन्न लघुवित्त संस्थाहरूबाट कर्जा लिएर सफल उद्यमी बनेका तीन जना महिला उद्यमी सदस्य पुरस्कृत भएका छन् । २०७८ चैत्र २९ गते काठमाडौंमा सम्पन्न भएको दुई दिने तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको समापन समारोहको अवसरमा उनीहरूलाई पुरस्कृत गरिएको थियो ।

काठमाडौंको धर्मस्थलीमा गाईपालन व्यवसाय गरीरहेकी महिला सहयोगी बचत तथा ऋण सहकारी संस्थाकी बबिना गुरूङ, दाङको तुलसीपुरमा गाईपालन व्यवसाय गरीरहेकी स्वावलम्बन लघुवित्त वित्तीय संस्थाकी सरिता रेउले र रंगेली-१, मोरङमा तरकारी खेती गरीरहेकी जीवन विकास लघुवित्त वित्तीय संस्थाकी सरिता कुमारी साह २०७७ सालको उत्कृष्ट लघुउद्यमी पुरस्कारबाट पुरस्कृत भएका हुन् । उनीहरूलाई सम्मेलन आयोजक समितिका अध्यक्ष एवं लघुवित्तका अभियन्ता शंकर मान श्रेष्ठले जनही २५ हजार रूपैयाँ र प्रमाणपत्र सहित सम्मानित गरेका हुन् ।

सम्मेलन आयोजक समितिका पदाधिकारीहरूसँग पुरस्कृत हुने सदस्य र संस्थाका प्रमुख कार्यकारी अधिकृतहरू

(पृष्ठ ६ बाट ...)

पढ्दै कमाउँदै ...

अहिले घरमै बस्छ र कुखुरा संग हुन्छ ।" लासाङले भन्नुभयो ।

कक्षा ८ की रमिला विसुन्खेका बुबा राम बहादुर विसुन्खेले पनि जीवन भरी ज्याला मजदुरी र मेलापात गरेर परिवार पाल्नुभएको हो । राम बहादुर संग चकटी बुन्ने र काठको काम गर्ने सीप छ । तर गाउँमा हुँदा त्यो सीपको भरमा उहाँको जीवन परिवर्तन भएन । अहिले पनि उहाँको परिवारको बाँच्ने आधार भनेको घरमा भएका पाँचवटा बाख्रा, ३ वटा बंगुर र एक हल गोरु हुन् । बाख्रा र बंगुर निर्वाहमुखी तरिकाले पाल्नुभएको छ । 'एक हल गोरुले पहिले आफ्नो खेत जोतेर अरुको मेला जाँदा पनि राम्रो आम्दानी हुन्थ्यो । अहिले मानिसहरू व्यवसायिक भए । नयाँ तरिकाले खेती गर्न लागे । धेरै जसो ठाउँमा ट्याक्टर लाउन थाले । गोरुलाई काम पाउनै कठिन छ ।' रामबहादुरले भन्नुभयो । साथै उहाँ छोरी रमिलाले चल्ला हुर्काएर आम्दानी गरेकोमा खुशी हुनुहुन्छ । 'छोरीले अहिले आफैले कमाएर किताब कापी किनेको छ । उनले पालेको एउटा कुखुरा त पाहुना आउँदा पनि खाइयो । किन्नु परेन ।' राम बहादुरले भन्नुभयो ।

विद्यार्थीहरूले चल्ला हुर्काउने काम विहान बेलुकीको समयमा गरेको हुन् । कुखुरा पालन गर्दा उनीहरूको पढाईमा कुनै असर परेको छैन । उनीहरू थप सिर्जनशील भएको प्रधानाध्यापक राजमान तामाङको धारणा छ । अधिकांश अभिभावकको चाहना छोराछोरीले पढेर धेरै ठूलो मान्छे बनुन भन्ने हुन्छ । कम्तिमा पनि आफुले गरेको पेशा र व्यवसायलाई अझ आधुनिक ढंगले गरुन् भन्ने चाहना राख्छन् । त्यसको लागि विद्यालय उमेर देखिनै पढाई संगै उद्यमशीलताको अनुभव हासिल गर्नु जरुरी छ । ताकि भोलिका दिनमा आफ्ना अभिभावकहरूले गरेको व्यवसाय निर्वाहमुखी भन्दा अझ परिमार्जित, परिस्कृत र व्यवसायिक तवरबाट अगाडी बढाउन सकुन् । यस तर्फ पनि अभिभावकहरू आशावादी बनेका छन् ।

लघुवित्त संस्थाहरू मर्म र सिद्धान्त विपरीत चल्दा यस पद्धतिमा

विरोधाभाष र चुनौति बढ्दै गएको विज्ञहरूको निष्कर्ष

लघुवित्त संस्थाहरूको कार्यशैली लघुवित्तको मर्म र सिद्धान्त विपरीत हुँदै जाँदा यस क्षेत्रमा थुप्रै विरोधाभाष उत्पन्न भएको र यसले लघुवित्त क्षेत्रमा धेरै चुनौति पनि थपेको विज्ञहरूको निष्कर्ष रहेको छ । साथै लघुवित्तको मर्म र भावना अनुसार अघि बढेर यस्ता चुनौति र विरोधाभाषहरू परास्त गर्न पनि विज्ञहरूले सुझाएका छन् ।

नेपालको लघुवित्त क्षेत्र नाफामुखी भैरहेको वर्तमान परिप्रेक्षमा लघुवित्तले मुनाफा आर्जन गर्ने हो वा सामाजिक सेवा गर्ने प्रणाली हो भन्ने विरोधाभाष वा दुविधाहरू पैदा हुन थालेका छन् । यसको साथै केही चुनौतिहरू पनि देखा परेका छन् । यिनै दुविधाहरू बारे प्रष्ट पार्न स्वावलम्बन विकास केन्द्र र अष्ट्रेलियाको दी युनिभर्सिटी अफ न्यूसाउथ वेल्सले संयुक्तरुपमा एक कार्यशालाको आयोजना गरेको थियो । २०७९ भाद्र १० गते नेपालको लघुवित्त क्षेत्रमा देखा परेका चुनौति तथा कार्यशैलीको विरोधाभाष (Emerging Challenges and Paradoxes of Microfinance Institutions in Nepal) विषयक एक दिने सेमिनार तथा कार्यशालाको आयोजना गरिएको हो ।

कार्यशाला उद्घाटन समारोहमा प्रमुख अतिथि तथा नेपाल राष्ट्र बैकका पूर्व गभर्नर डा. चिरञ्जीवी नेपालले वर्तमान समयमा लघुवित्त संस्थाहरूको उद्देश्य र कार्यशैलीमा विरोधाभाष रहेको र यसले गरीब तथा विपन्न महिलाहरूको जीवनस्तर माथि उकास्ने र मुलुकको गरीबी निवारणमा योगदान गर्ने अपेक्षा पुरा हुन नसकेको उल्लेख गर्नुभयो । "नेपालमा लघुवित्त नाफा केन्द्रित हुँदा धेरै समस्या आएका छन् । केही चुनौति आएका छन् र विरोधाभाष पनि देखा परेका छन् । तर प्रष्टै छ लघुवित्तको मुख्य लक्ष भनेको गरीब र विपन्नवर्ग वा समूहको उत्थान गर्ने हो । त्यसैकोलागि नै लघुवित्तको स्थापना भएको हो । तर त्यो लक्षितवर्गको हितलाई केन्द्रमा राखेर काम हुन सकेको छैन । लघुवित्त संस्थाहरू जुनसुकै हालतमा नाफा कमाउने तर्फ उन्मुख हुँदै गएको छ । विपन्नवर्गमा वित्तीय पहुँच पुर्‍याएर सदस्यहरूलाई लघुउद्यमी बनाउने र मुलुकको गरीबी निवारण गर्ने आशा गरिएको थियो । वित्तीय अनुशासनमा

सेमिनारलाई सम्बोधन गर्नु हुँदै केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठ

बसेर, सदस्यलाई तालिम दिएर वित्तीय पहुँच पुऱ्याएको खण्डमा जोसुकै मान्छे पनि उद्यमी बन्न सक्छ र धनी हुन सक्छ । तर अहिलेको कृयाकलाप हेर्दा भोलि कुनै पनि अध्ययन अनुसन्धानले लघुवित्त संस्थाकै कारण गरीबी बढ्यो भने पनि अचम्म मान्नु पर्ने अवस्था छैन । लघुवित्तको सबै जसो ऋणी महिलाहरू छन् । करीब २ प्रतिशत मात्र पुरुष छन् । यदि लघुवित्तले महिला सदस्यहरूलाई उद्यमी बनाएर जीवनस्तर उकास्न सक्दैन भने त्यो महिला माथिको भेदभाव ठहरिने अवस्था हुनेछ । जसको जीवनस्तर उकास्ने लक्ष लिएर स्थापना भएको हो उसैले आत्महत्या गर्दा वा गाउँ छाड्दा पनि अप्ठेरो लागेको छैन ? अब सुध्रनुहोस, बेला यही हो । नत्र बुढेसकालमा मैले हिजो ठूलो पाप गरेको रहेछु भनेर पछुताउनु पर्ला ।" डा. नेपालले भन्नुभयो ।

सो अवसरमा कार्यशालाका सभाध्यक्ष तथा स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले गरीब तथा विपन्नवर्गको जीवनस्तर उकास्न लघुवित्तको स्थापना भएको बताउँदै यसमा कुनै विरोधाभाष नभएको र लघुवित्तकर्मीले दुविधामा बस्न नहुनेमा जोड दिनु भयो । "लघुवित्त संस्था दर्ता गर्दा नै हरेकको प्रबन्ध-पत्रमा गरीबी निवारण गर्ने उद्देश्य लेखिएको छ । तर हामी नाफामा केन्द्रित भएका छौँ । नाफा न कमाउने भन्ने होइन । उचित मुनाफा पनि आर्जन गर्नु पर्‍यो । तर सदस्यको उत्थान गर्ने कुरा विर्सनु भएन । अहिले हामीले लघुवित्तको मर्म, मुल्यमान्यता सबै छाडेका छौँ । सदस्यको आवश्यकता र क्षमता अनुसार ऋण दिएर उद्यमी बनाउने भन्दा अहिलेको कार्यशैली सदस्यलाई जुन सुकै हालतमा ऋण दिने र असुली गर्नेमा केन्द्रित हुँदै गएको छ । अहिले सदस्यहरूलाई साप्ताहिक बैठकको सट्टा मासिक बैठक गर्ने र सदस्यहरू संग भेटघाट नगरेर लघुवित्त संस्थाहरू खर्च घटाउने उल्टो बाटो हिडेका छन् । अब हामीले सदस्यलाई ऋणी बनाउने होइन उद्यमी बनाउने हो । उनीहरूलाई सक्षम उद्यमी बनाएर आफूले पनि फाईदा लिने हो । अहिले सदस्यहरू आन्दोलित हुने देखि अन्य विभिन्न समस्याहरू आएका छन् । लघुवित्त सदस्यलाई उद्यमी बनाउन सके अहिले देखा परेका अधिकांश विरोधाभाष वा चुनौतिहरू आफै समाप्त हुनेछन् ।" श्रेष्ठले भन्नुभयो । साथै उहाँले लघुवित्त गरीबी निवारणको सशक्त उपकरण भएको बताउँदै लगनशीलता र सकारात्मक सोचका साथ लघुवित्त गरीबमुखी हुने हो भने आगामी पाँच वर्ष भित्र देशलाई गरीबीमुक्त बनाउन सकिने धारणा राख्नुभयो ।

उद्घाटन समारोह पछि नेपालको लघुवित्त क्षेत्रमा देखा परेका समस्या, समाधान र भावी मार्गचित्र तथा यस क्षेत्रका विरोधाभाषहरू बारे दुई वटा विषयगत छलफल सत्रहरू र खुला छलफल सम्पन्न भएका थिए । सो अवसरमा विज्ञहरू र विभिन्न लघुवित्त तथा सहकारी क्षेत्रबाट उपस्थित लघुवित्त सदस्य तथा प्रतिनिधि वक्ताहरूले आफ्नो प्रस्तुती राखेका थिए । खुला छलफलको क्रममा सहभागीहरूले पनि आफ्नो धारणा राखेका थिए ।

'नेपालका लघुवित्त संस्थाहरू विचको प्रतिस्पर्धी मागलाई कसरी व्यवस्थापन गर्ने' विषक सत्रमा बोल्दै युनिभर्सिटी अफ न्यू साउथ वेल्स, सिड्नी, अस्ट्रेलियाका सहप्राध्यापक डा. जोस केलरले नेपालको लघुवित्त क्षेत्रमा मुनाफा आर्जन गर्ने वा सेवामुखी भएर काम गर्ने भन्ने लगायतका अस्पष्टताहरू वा विरोधाभाषपूर्ण मानसिकता व्याप्त रहेको र यसले गर्दा नीति निर्माता तथा लघुवित्तकर्मीहरू दोधारमा रहेको धारणा राख्नुभयो । साथै डा. केलरले नेपालको लघुवित्त क्षेत्रमा विरोधाभाषहरूको उचित ढंगले व्यवस्थापन गर्नको लागि यो कार्यशाला महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो । "नीतिगत तहमा लघुवित्तलाई कडारुपमा नियमन गर्ने वा सामान्य प्रकारले भन्ने खालको दुविधा वा विरोधाभाष पनि रहेको पाईन्छ । कडारुपमा गरिने नियमनले यो क्षेत्रलाई हानि पुऱ्याउन सक्छ भने नियामक निकाय नरमरुपमा प्रस्तुत हुँदा विकृति बढ्न सक्ने सम्भावना रहन्छ । विरोधाभाषपूर्ण मानसिकताले यी दुबै विषयलाई एकै साथ लिन सक्ने प्रक्रिया र समस्याको समाधान गर्ने संयन्त्रकोरुपमा पनि काम गर्छ ।" उहाँले भन्नुभयो ।

'नेपालमा लघुवित्तको बर्तमान अवस्था, यसमा देखा परेका चुनौति एवं समाधानका उपाय र भावी कार्यदिशा' विषयक सत्रमा नेपाल माइक्रोफाईनान्स बैंकर्स संघ (एनएमबीए) का अध्यक्ष प्रकाशराज शर्माले बढ्दो बहुकर्जा घटाउन नेपाल राष्ट्र बैंकले लघुवित्त संस्थालाई शाखा विस्तारमा कडाई गर्नु पर्ने र केन्द्रिय ऋण सूचना ब्यूरोलाई सक्रिय बनाउनु पर्ने बताउनुभयो । 'दुई भन्दा बढी लघुवित्त संस्थाले एउटै सदस्यलाई ऋण दिनु हुँदैन । दुईवटा भन्दा वढी लघुवित्त संस्थाहरूले एउटै ऋणी सदस्यहरूलाई कर्जा दिइएको पाईएमा राष्ट्र बैंकले कारबाही गर्नुपर्छ ।' शर्माले भन्नुभयो ।

सो अवसरमा साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेडका नायव प्रमुख कार्यकारी अधिकृत डा. नवराज सिम्खडाले लघुवित्त संस्थाहरूले सदस्यको उत्थानको लागि वित्तीय संगै गैर वित्तीय सेवाहरू प्रदान गर्नु पर्नेमा जोड दिनुभयो । यसको साथै उहाँले सदस्यहरूलाई उद्यमी बनाउन वित्तीय सेवा संगै सीप र तालिमहरू पनि प्रदान गर्नु जरुरी रहेको बताउनु भयो ।

त्यसैगरी सहारा नेपाल साकोसका प्रमुख कार्यकारी अधिकृत महेन्द्रकुमार गिरीले लघुवित्त तथा लघुवित्त गर्ने सहकारी संस्थाहरूमा देखा परेका समस्याहरू औल्याउनु भएको थियो । उहाँले लघुवित्त तथा सहकारी संस्थाहरूले कति सदस्यलाई गरीबी भन्दा माथि उठायौँ भन्ने जस्ता स्पस्ट तथ्याङ्क राख्न नसकेको, गरीबी निवारण गर्ने र रोजगारी सिर्जना गर्ने लगायत आफ्नो उद्देश्य र सिद्धान्तहरूबाट विचलित हुँदै गएको, लेखा परीक्षण कमजोर हुँदै गएको, हरेक संस्थामा भाखा नाघेको कर्जादर वढी रहेको, गैर वित्तीय सेवा प्रदान गर्ने र सदस्यलाई सक्षम बनाउन सीप तथा तालिमहरू प्रदान गर्न नसकेको जस्ता समस्याहरू रहेको बताउनुभयो ।

सो अवसरमा नेपाल राष्ट्र बैंकका निर्देशक डा. प्रकाश कुमार श्रेष्ठले लघुवित्तको वर्तमान अवस्थाबारे जानकारी गराउदै यस क्षेत्रमा देखा परेका चुनौति र विरोधाभाषको चर्चा गर्नु भएको थियो । उहाँले लघुवित्तले गरीब तथा भौगोलिकरुपमा विकट रहेको समुदायमा अझै पुग्न नसकेको, उत्पादकत्व बढाएर राष्ट्रको आयात प्रतिस्थापनमा क्षमता अनुरुप योगदान गर्न नसकेको, लघुवित्त सेवा सामाजिक बैंकीङ्ग भन्दा मुनाफा केन्द्रित हुँदै गएको, लघुवित्तले प्रवाह गर्ने ऋणको सदुपयोगको अवस्था निकै कमजोर रहेको जस्ता समस्याहरू देखिएको र यस्ता समस्या समाधान गर्ने तर्फ लघुवित्तहरू केन्द्रित हुनु पर्नेमा जोड दिनुभयो ।

सो अवसरमा श्री महारानी झोडा साना किसान कृषि सहकारी संस्था लिमिटेडकी अध्यक्ष मीना ढकालले लघुवित्त संस्थाहरूले आफ्ना सदस्यहरूलाई उद्यमी बनाउन र सदस्यका उत्पादनहरूको बजारीकरणमा सघाएर उनीहरूको उद्यम/व्यवसायलाई दिगो बनाउने तर्फ काम गर्नु पर्ने बेला आएको विचार राख्नुभयो ।

(बाँकी पृष्ठ १२ मा)

सेमिनारको मार्ग चित्र

१. लघुवित्त तथा लघुवित्त सहकारी संस्थामा आवद्ध सदस्यहरूलाई ऋण दिएर ऋणी मात्र बनाउनु भन्दा उनीहरूको दक्षता अभिवृद्धि गरी उद्यमी बनाउन जोड दिने ।

२. सदस्य आवद्ध गर्दा अधिक ऋणको भारमा भए/नभएको यकिन गरेर मात्र आवद्ध गर्ने, कर्जा लगानी गर्दा नियामक निकायको निर्देशन बमोजिक एकल कर्जाको सिमाभित्र रहने गरी ३ वटा भन्दा वढी संस्थाले एउटै सदस्यलाई कर्जा लगानी नगर्ने । त्यसो गर्नेलाई नियामक निकायले आवश्यक कारवाही गर्ने ।

३. विभिन्न उपकरणहरूको प्रयोग गरी सदस्यको गरीबीको अवस्था मापनको व्यवस्था मिलाई नियमितरुपमा तथ्याङ्कलाई अद्यावधिक गर्दै गरीबीको अवस्थाबारे वार्षिकरुपमा विवरण तयार गर्ने र सोको विवरण सञ्चालक समितिमा पेश गर्ने ।

४. समस्याग्रस्त ऋणीलाई अत्याधिक दवाव दिएर कर्जा असुली गर्नुभन्दा वास्तविक समस्या विश्लेषण गरी सहजरुपमा कर्जा तिर्न सक्ने गरी कर्जा पुनर्तालिकीकरण गर्न आवश्यक निर्देशनको लागि नियामक निकायमा पठाउने ।

५. आफ्नो कार्यक्षेत्र भित्र रहेका अति विपन्न (Hard Core Poor) तथा समस्यामा परेका सदस्य तथा समुदायको हितका लागि ग्राहक संरक्षण कोष तथा संस्थागत सामाजिक उत्तरदायित्व कोषका माध्यमबाट पुनर्उत्थान गरी लघुवित्तको मूलधारमा ल्याउन जोड दिने ।

६. लघुवित्त सेवालाई समयानुकुल परिमार्जन गर्दै समय सापेक्ष सेवा प्रदान गर्न डिजिटल सेवामा जोड दिई सञ्चालन खर्च न्यूनिकरणको अधिकतम प्रयास गर्ने ।

७. शाखा प्रमुख तथा ईलाका प्रमुखहरूले दैनिक २ वटा केन्द्र र २ जना सदस्यको अनुगमन तथा कर्जा सदुपयोगिता जाँच गर्ने व्यवस्था लागु गर्ने ।

वर्तमान सभ्यताले खतरा निम्त्यायो नयाँ सभ्यताको निर्माणमा जुटौं

- नोवेल पुरस्कार विजेता प्रो. मोहम्मद युनूस

सन् २००६का नोवेल पुरस्कार विजेता प्रोफेसर मोहम्मद युनूसले वर्तमान सभ्यताको कारण मानवजातिको अस्तित्व संकटमा पर्न थालेकोले नयाँ सभ्यता विकास गर्न आव्हान गर्नु भएको छ। नयाँ सभ्यता विकासको लागि अहिलेको पूँजी प्रधान आर्थिक प्रणालीको पुनर्संरचना गरेर सामाजिक उत्तरदायित्व वहन गर्ने खालको आर्थिक प्रणाली लागु गर्नु पर्ने उहाँको धारणा छ। २०७९ आषाढ १५ गते १२औं सामाजिक व्यवसाय दिवसका अवसरमा अनलाईन जुम माध्यमबाट आयोजित नेपाल फोरमलाई विशेष अतिथिको रुपमा सम्बोधन गर्दै प्रोफेसर युनूसले यस्तो धारणा राख्नु भएको हो।

१२औं सामाजिक व्यवसाय दिवसको मूल नारा **"वर्तमान सभ्यताले हामीलाई नष्ट गर्नु अघि नयाँ सभ्यताको निर्माण गरौं"** भन्ने रहेको थियो। हरेक व्यक्तिले पृथ्वीको अस्तित्व समाप्त पार्ने खालका वर्तमान मानव गतिविधि बन्द गरेर समग्र प्राणीजगतका लागि सुरक्षित पृथ्वी निर्माण गर्ने खालका आनिबानीको विकास गर्नु पर्ने १२औं सामाजिक व्यवसाय दिवसको मुल सन्देश रहेको छ।

नेपाल फोरमको विशेष वक्ताकोरुपमा आमन्त्रित प्रोफेसर मोहम्मद युनूसले शून्य कार्बन उत्सर्जन, गरीबी अन्त्यको लागि शून्य धन एकाग्रता र उद्यमशीलता मार्फत शून्य बेरोजगारी अहिलेको विश्वको

नेपाल फोरमलाई सम्बोधन गर्नु हुँदै
अध्यक्ष शंकर मान श्रेष्ठ

अपरिहार्यता भएकोले ढिलो नगरी यसको कार्यान्वयन तर्फ आ-आफ्नो क्षेत्रबाट काम गर्नु पर्नेमा जोड दिनुभयो। "हामीले विश्वलाई गरीबी, बेरोजगारी र कार्बनरहित बनाउन तर्फ लाग्नु पर्छ। हामीले नयाँ बाटो बनाउनु पर्छ ताकि हामी नयाँ सभ्यताको शुरुवात गर्न सकौं। सामाजिक व्यवसायले मानवजाति र दिगो अर्थतन्त्रका लागि अवसरहरू विस्तार गर्दै सामाजिक समस्याहरूको व्यवहारिक र दीर्घकालिन समाधान खोज्ने लक्ष्य राखेको छ। नयाँ सभ्यतालाई फरक ढंगले अगाडि बढाउनु हाम्रो लागि अहिलेको प्रमुख र सबैभन्दा महत्वपूर्ण जिम्मेवारी हो।" युनूसको भनाई थियो। "नाफामुखी वर्तमान सभ्यताले हाम्रो साझा घर पृथ्वीलाई बस्न अयोग्य बनाई रहेको छ। हामी आफैले आफैलाई आत्महत्याको बाटोमा डोऱ्याएका छौं। मानवतालाई नयाँ बाटोमा लैजाने अवसरहरू पनि दिनहुँ झन्झन् साँघुरा हुँदै गइरहेका छन्। तसर्थ अवसर वा सम्भावनाहरू सकिनु अघिनै हामीले नयाँ सभ्यताको बिऊ तयार गर्नुपर्छ। यो मानवजगत र समग्र पृथ्वीकै समस्याहरू समाधान गर्न मुख्यरूपमा शून्य व्यक्तिगत लाभमा आधारित अर्थतन्त्र निर्माण गर्नुपर्छ" युनूसले भन्नुभयो।

यो संगै युनूसले नयाँ सभ्यता निर्माण गर्न युवाहरू जागरुक हुनुपर्ने र तीन शून्य क्लबले बोकेको अवधारणा अनुरुप युवाहरूलाई नेतृत्व पंङ्क्तीमा राखेर उनीहरूसंग भएको उर्जा तथा प्राविधिक क्षमतालाई समुन्नत विश्व बनाउन उपयोग गर्नुपर्ने बताउनु भयो। साथै युनूसले १२औं सामाजिक व्यवसाय दिवस अन्तर्गत आयोजित कन्ट्री फोरमहरू मध्ये नेपाल फोरम सबै भन्दा ठूलो भएको भन्दै आयोजकलाई धन्यवाद दिनुभयो।

नेपाल फोरमका विशेष अतिथि नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर डा. चिरञ्जीवी नेपालले गरीबी निवारण एक जटिल तथा बहुआयामिक विषय भएको र यसलाई मानवजातिका हरेक आवश्यकता संग जोडेर

नेपाल फोरमलाई सम्बोधन गर्नु हुँदै
प्रोफेसर मोहम्मद युनूस

हेर्नु पर्ने बताउनुभयो। "नेपालमा गरीबीको दर कोभिड-१९ अघि १८ प्रतिशत थियो जुन अहिले २० प्रतिशतमा पुगेको छ। धनीवर्गले आफ्नो सम्पतिलाई सामाजिक व्यवसायमा प्रवर्द्धन गरेर गरीबीलाई धेरै कम गर्न सकिन्छ। हामीले गरीबी न्यूनीकरण, वित्तीय पहुँच, महिला सशक्तिकरण र कार्बन उत्सर्जन घटाउन तर्फ एक भएर लाग्नु पर्छ। कार्बन उत्सर्जनका सम्बन्धमा नविकरणीय ऊर्जा, जलविद्युत र लघुजलविद्युतको प्रवर्द्धन गरी जलविद्युत नपुगेको ठाउँमा उत्सर्जन हुने कार्बन घटाउन सकिन्छ। त्यसैगरी, असमानता, धनको एकाग्रता र बेरोजगारीलाई उद्यमशीलता फैलाएर नियन्त्रण गर्नुपर्छ।" डा. नेपालले भन्नुभयो।

नेपाल कन्ट्री फोरमको अवसरमा फोरम आयोजक समितिका अध्यक्ष शंकर मान श्रेष्ठले अहिलेको सभ्यताले धनी र गरीब विचको दुरी बढ्दै गएको, वातावरण विनास हुँदै गएको तथा गरीबी, बेरोजगारी जस्ता समस्या बिकराल बन्दै गएको कारण मानवजातिको अस्तित्व रक्षाको लागि नयाँ तरिकाले अघि बढ्नु पर्ने आवश्यकता रहेको धारणा राख्नुभयो। "हामीले ११औं सामाजिक व्यवसाय दिवसमा दुई वर्षभित्र सम्पन्न गर्ने गरी १४ बुँदे कार्ययोजना तयार गरेका थियौं। यस पटक हामीले गरेको प्रगतिको बारेमा छलफल गर्नुका साथै नयाँ सभ्यता निर्माण गर्ने प्रक्रियामा केन्द्रित हुने र ३

शून्य क्लबहरू र क्लबमा समावेश भएका क्लब सदस्यहरूले गरेको योगदानको बारेमा छलफल गर्‍यौं । हामीले उद्यमशीलता विकास मार्फत शून्य बेरोजगारी, धनको केन्द्रीकरणलाई निरुत्साहित गरेर गरीबी शून्यमा झार्न र शून्य खुद कार्बन उत्सर्जन गर्ने उपायहरूबारे पनि छलफल गरेका छौं । यस पटक पनि हामी पूर्वी अफ्रिकामा केन्द्रित भएर अनलाईन र प्रत्यक्ष माध्यमबाट विश्वभर १२औं सामाजिक व्यवसाय दिवस २०२२ मनाउँदैछौं । धन एकाग्रता र बेरोजगारी, विश्वको तापमान बृद्धि, धनी र गरीब बीचको बढ्दो सम्पत्तिको खाडल र बेरोजगारी जस्ता समस्याहरू बारे छलफल गरी तिनको सामना गर्ने उपाय खोजिरहेका छौं । लघुवित्तले गरीब र युवाहरूमा उद्यमशीलता विकासलाई प्राथमिकतामा राखेर नयाँ सभ्यताको सृजना गर्नुपर्छ र जलवायु परिवर्तनका कारक र असरहरू न्यूनिकरण तथा अनुकुलन, उपयुक्त प्रविधि, सही नेतृत्व, शिक्षा र स्वास्थ्यको मार्गमा अग्रसर हुन ३ शून्य क्लबलाई प्रवर्द्धन गर्नुपर्छ ।" श्रेष्ठले भन्नुभयो ।

समारोहको व्यवसाय सत्रमा आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत ज्योति चन्द्र ओझाले ११औं सामाजिक व्यवसाय दिवस, कन्ट्री फोरम अफ नेपालले तय गरेको दुई वर्षे कार्ययोजना कार्यान्वयनमा भएका समग्र लक्ष्य र प्रगतिका बारेमा जानकारी गराउनु भएको थियो ।

"नयाँ सभ्यता निर्माणमा लघुवित्त संस्थाको भूमिका" विषयक सत्रमा चारवटा लघुवित्तका प्रमुख कार्यकारी अधिकृतले आफ्नो प्रस्तुति राखेका थिए । सो सत्रका सहजकर्ता डा. भेष प्रसाद धमलाले लघुवित्त संस्थाले नयाँ सभ्यताको अभियानमा योगदान गर्न आफ्ना कार्यशैलीमा परिवर्तन गर्न सुझाउनुभयो । "लघुवित्त संस्थाहरूसँग प्रक्रियागत र सैद्धान्तिक विचलनहरू आएका छन् । अहिले लघुवित्त सञ्चालनको मूल प्रकृयाबाट बाहिर जान थालेको छ । मुनाफा केन्द्रित हुँदै लघुवित्तलाई अत्याधिक व्यापारीकरण गर्ने काम भएका छन् । लघुवित्त संस्थाहरू गरीबी निवारण जस्ता लघुवित्तको मूल उद्देश्यबाट वञ्चित भएका छन् । समाजमा वञ्चितीकरणमा परेका अति विपन्नवर्गको कल्याणका लागि लघुवित्तले सेवा गर्नु पर्ने हुन्छ । नयाँ सभ्यताको निर्माण गर्नको लागि



१२औं सामाजिक व्यवसाय दिवस नेपाल फोरमका सहभागीहरू

हाम्रो यस्तो कार्यशैलीमा तत्काल परिवर्तन हुनुपर्छ ।" डा. धमलाले भन्नुभयो ।

सत्रका वक्ता जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सञ्जयकुमार मण्डलले गरीबहरू अझै पनि आर्थिक पहुँचबाट वञ्चित भएको र लघुवित्तले आफ्ना सदस्यहरूका बीचमा उद्यमशीलता विकास गरी उनीहरूलाई आत्मनिर्भर बनाउनु पर्नेमा जोड दिनुभयो । साथै मण्डलले निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनको अवधारणा अनुसार सदस्यलाई उत्पादनमुलक गतिविधिहरूमा संलग्न गराउनु आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा अर्का वक्ता जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडकी प्रमुख कार्यकारी अधिकृत विमला योगीले धेरै भन्दा धेरै महिलाहरूलाई विकासको मूलधारमा ल्याउन लघुवित्त संस्थाहरूले समूह गठन र लघुवित्तको केन्द्रको बैठकमा सहभागी गराउनु पर्ने बिचार व्यक्त गर्नुभयो ।

यसैगरी किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका महाप्रबन्धक डम्बरबहादुर शाहले जलवायु परिवर्तन, वन फँडानी जस्ता क्षेत्रमा समेत लघुवित्त संस्थाले योगदान गर्न सक्नु पर्ने बेला आएको र त्यसको लागि लघुवित्तको संस्कार, कार्यशैली, मूल्यमान्यताअनुरुप काम गर्नुको साथै कर्मचारीहरूलाई गरीबवर्ग प्रति जवाफदेही हुनु पर्ने जस्ता कुराहरू सुधार्न लघुवित्त संस्थाहरू सक्षम हुनुपर्ने धारणा राख्नु भयो ।

सोही सत्रमा बोल्दै युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडका कार्यकारी निर्देशक डा. गोपाल दहितले हामीले हाल विदेशबाट आयात गरीरहेका धेरै थरी बस्तुहरू नेपालमै उत्पादन गर्न सकिने बताउदै लघुवित्तले सदस्यहरूको उत्पादन बृद्धि गरी राष्ट्रको आयात प्रतिस्थापनमा योगदान गर्नु पर्ने उल्लेख गर्नु भयो । साथै उहाँले युवामाझ उद्यमशीलता विकास, डिजिटल प्रविधिको अवलम्बन, सभ्य समाजको विकास जस्ता विषयमा पनि लघुवित्त संस्थाहरू केन्द्रित हुनु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रमको दोस्रो सत्रमा तीन शून्य क्लबको गठन, प्रवर्द्धनको अवस्था र सो विषयमा अनुभवहरू आदान प्रदान गरिएको थियो । उक्त सत्रका सहजकर्ता जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका नायब प्रमुख कार्यकारी अधिकृत दामोदर रेग्मीले विश्वका १ प्रतिशत धनी मानिस सँग विश्वको ५० प्रतिशत सम्पत्ति र ७० प्रतिशत विश्वका गरीब मानिससँग विश्वको कुल सम्पत्तिको २ प्रतिशत रहेको तथ्य प्रस्तुत गर्दै यस्ता असमानता र विद्यमान समस्याहरूलाई सम्बोधन गर्न ३ शून्य क्लब अर्थात युवाहरूको सञ्जाल विकास गरी वकालत र निर्णय लिने भूमिकामा युवाहरूलाई प्रोत्साहन गर्नुपर्ने धारणा राख्नुभयो । सो सत्रमा ३ शून्य क्लबहरूमा आवद्ध भई काम गरिरहेका विद्यार्थीहरू जुनी श्रेष्ठ, ओमकार राई, योग्यता देवकोटा, निशरत खातुन र रुपक गौतमले क्लबमा आबद्ध भई काम गर्दाको अनुभवहरू सुनाएका थिए ।

सामाजिक व्यवसाय दिवस एक निरन्तर वार्षिक कार्यक्रम हो जुन युनूस सेन्टर, बंगलादेशले एक विश्वव्यापी पारिवारिक

जमघटकोरूपमा आयोजना गर्दै आएको छ। सामाजिक व्यवसाय प्रवर्द्धक, सामाजिक अभियन्ता, नेताहरू र उद्यमीहरूले संगालेका अनुभवहरू आदान प्रदान गर्ने र भविष्यको कार्यदिशा निर्माण गर्न अवसरकोरुपमा लिइन्छ। १२औँ सामाजिक व्यवसाय दिवस विभिन्न देशहरूमा अनलाईन कार्यक्रमहरू र पूर्वी अफ्रिकामा २०७९ आषाढ १३ देखि १६(जुन २७-३०, २०२२ इ. सन्) सम्म भौतिक उपस्थितीमा मुख्य कार्यक्रमको आयोजना गरी सम्पन्न भएको थियो। नेपाल कन्ट्री फोरममा वित्तीय संस्था, व्यापारिक घराना, गैरसरकारी संघसंस्थाका प्रतिनिधि तथा विभिन्न क्षेत्रका विज्ञहरूको सहभागिता रहेको थियो। यो फोरमले नौ बुँदे मार्गचित्र तयार गरेको छ।

१२औँ सामाजिक व्यवसाय दिवस नेपाल फोरमको मार्ग चित्र

१. प्रत्येक सहभागी र सहभागी संस्थाले समुदाय र लघुवित्त समूहका सदस्य समुदायका सदस्यहरूमाझ नयाँ सभ्यताको अवधारणा र महत्वबारे चेतना जगाउन काम गर्ने। साथै उनीहरूलाई नयाँ सभ्यताको लक्ष्य हासिल गर्नका लागि आ-आफ्नो क्षेत्रबाट भूमिका खेल्न उत्प्रेरित गर्ने।

२. ११औँ सामाजिक व्यवसाय दिवसले तय गरेको कार्ययोजनाको मर्म र भावनाअनुरुप पूर्णरुपमा कार्यान्वयन गर्ने।

३. प्रत्येक लघुवित्त संस्था र लघुवित्त सहकारी संस्थाले आफ्ना कर्मचारी र सदस्यहरूलाई तेस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको नारा "घरघरमा उद्यम फैलाऊँ, गरीबीलाई शून्य बनाऊँ" को कार्यान्वयन प्रति पूर्ण प्रतिबद्धता देखाउन प्रेरित गर्ने।

४. प्रत्येक लघुवित्त संस्था र लघुवित्त सहकारी संस्थाले आफ्नो शाखाहरू मध्ये एउटा शाखामा गरीबीबाट प्रगति गरेका ग्राहकहरूको संख्या निर्धारण गर्न सर्वेक्षण गर्ने र स्वावलम्बन विकास केन्द्रले सर्वेक्षणको प्रक्रियामा सम्बन्धित कर्मचारीहरूलाई तालिम दिने व्यवस्था मिलाउने।

५. स्थानीय शैक्षिक संस्थाहरू र विद्यालयले संयुक्तरुपमा विद्यालयका बालबालिका र सदस्यका छोराछोरी र स्थानीय युवाहरूलाई नयाँ सभ्यता विकास र तीन शून्य क्लबहरूको गठन र प्रवर्द्धनबारे अभिमुखीकरण तालिम प्रदान गर्ने।

६. तीन शून्य क्लबहरूको गठन अभियानकोरूपमा तयार गर्ने र युवाहरूलाई आफ्नै लघुउद्यमहरू शुरु गर्न र स्वरोजगार बन्न उत्प्रेरित गर्ने।

७. लघुवित्त र सहकारी संस्थाले युवाहरूलाई कर्जाको सहज पहुँच प्रदान गरी स्वरोजगारका लागि आफ्नै उद्यमहरू खोल्न प्रेरित र अनुकूल वातावरण सिर्जना गर्ने र रोजगारीका लागि विदेश जानबाट रोक्न प्रयास गर्ने।

८. प्रत्येक लघुवित्त र सहकारी संस्थाले स्थानीय तहहरू, स्वावलम्बन विकास केन्द्र र ग्रामीण प्रविधि केन्द्रसँगको समन्वय र साझेदारीमा एउटा वातावरणमैत्री स्वावलम्बन गाउँ विकास गर्ने।

९. लघुवित्त संस्थाले सचेतना कार्यक्रम मार्फत लघुवित्त सदस्यहरू र अन्य ग्रामीण समुदायका सदस्यहरूमा असल आचरण, नैतिकता र नैतिक मूल्यहरूको विकास गर्न काम गर्ने।

(पृष्ठ ९ बाट ...)

लघुवित्त संस्थाहरू मर्म ...

सो अवसरमा जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडकी सदस्य सम्झौँता विश्वकर्माले लघुवित्त वित्तीय संस्थाहरूले आफ्ना सदस्यहरूलाई ऋण उपलब्ध गराउनुका साथै प्रत्येक गाउँ तहमा आफ्ना सदस्यहरूलाई सम्वन्धित व्यवसायको सीपमूलक तालिम पनि दिनु पर्ने सुझाव दिनुभयो।

सत्रका अर्का वक्ता किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सदस्य कृतिदेवी चौधरीले लघुवित्त संस्थाहरूले असुलीको क्रममा कुनै पनि दबावमुलक उपायहरू प्रयोग गर्न नहुने बताउदै लघुवित्त कर्मचारीको यातना र धम्की सहन नसकेर सदस्यहरूले चाल्ने कदम लघुवित्त क्षेत्रकै लागि हानिकारक हुने बताउनुभयो।

सम्मेलनका सहभागीहरू

कार्यक्रममा नेपालका लघुवित्त, सहकारी, बैंक वित्तीय क्षेत्र, लघुवित्त सदस्य, विश्वविद्यालयका अध्यापक, अनुसन्धानकर्ता, नियामक निकायका प्रतिनिधि लगायत ८५ जनाको सहभागिता रहेको थियो।

क्रेडिट एक्सेस ग्रामीण लिमिटेड (ग्रामीण कुटा) बैंगलुरुको गुनासो सुनुवाई व्यवस्थापन अभ्यास एक अनुकरणीय उदाहरण

- सोपन विष्ट

भारतको क्रेडिट एक्सेस ग्रामीण (ग्रामीण कुटा) लिमिटेड कर्जा लगानीको हिसावबाट हेर्दा विश्व कै सबैभन्दा ठूलो लघुवित्त संस्था मध्ये एक हो । यसको स्थापना सन् १९९९ को मे महिनामा एम. मुनिस्वामप्पा ट्रस्ट अन्तर्गत रहेको एक परियोजनाकोरुपमा भएको थियो । शुरुमा ग्रामीण ट्रस्ट बंगलादेशले एम. मुनिस्वामप्पा ट्रस्टलाई ग्रामीण बैंक मोडेल अनुशरण गरी लघुवित्त कार्यक्रम संचालन गर्नको लागि पैतीस हजार डलर बिऊ पूँजीको रुपमा न्यून व्याजदरमा कर्जाको रुपमा ऋण दिएको थियो । यस संस्थाले ग्रामीण मोडेल अन्तर्गत सामुहिक जमानीमा स्थानीय संस्कार र रहनसहन सुहाउँदो किसिमले भारतको बैंगलुरु शहरको आबालाहालीमा लघुवित्त कार्यक्रम शुरुवात गरेको थियो । समग्र लघुवित्त संस्थाहरू जस्तै यस संस्थाले सामाजिक र आर्थिकरुपले पछि परेका महिलालाई समान अवसर प्रदान गरी विकासको मुलधारमा ल्याउन र समावेशीकरणको माध्यमबाट सामाजिक आर्थिक विकासको पँहुच बढाउन मद्दत गर्दछ । यस संस्थामा पनि अन्य लघुवित्त संस्था जस्तै महिलाहरूले श्रोतको अधिकतम प्रयोग गरी आफू र आफ्नो परिवारको सामाजिक तथा आर्थिक उन्नतिमा उच्चतम योगदान गर्न सक्छन् भन्ने विश्वव्यापी मान्यता अनुसार अधिकतम सदस्य महिला नै रहेका छन् । सन् २०१३ मा लघुवित्त संस्थाकोरुपमा दर्ता हुन रिजर्भ बैंक अफ इन्डियाबाट अनुमति प्राप्त गरेको थियो ।

यस संस्थाको एक महत्वपूर्ण पक्ष भनेको आफ्ना नीति, नियम, कार्यक्रम र आफूले गरेका अभ्यासको व्यापक अभिलेखीकरण हो । अभिलेखीकरण अभ्यासको फाईदा धेरै होलान् तर कर्जा लगानीको सन्दर्भमा यसले ग्राहकहरू माझ पारदर्शिता, जवाफदेहिता र समग्रमा विधिको शासनलाई प्राथमिकता दिन्छ । यस्तो अभ्यासले कर्मचारीबाट वा संस्थागतरुपमा गराइने हुने जालसाजीलाई पनि कम गर्न मद्दत गर्छ । क्रेडिट एक्सेस ग्रामीण लिमिटेडले अभिलेखीकरणको साथै आफ्ना कर्मचारी माझ पारदर्शिता र जवाफदेहिता बढाउन, जालसाजी कम गर्न, गोपनीयता कायम राख्न र ग्राहकहरूको गुनासा र शिकायत व्यवस्थापन गर्न विभिन्न विधि तथा तौरतरिका प्रयोग गरेको छ । यस बारेमा केही मुलभूत विषयमा चर्चा गरिएको छ ।

क्रेडिट एक्सेस ग्रामीण लिमिटेडले लघुवित्त कार्यक्रम अन्तर्गत सदस्यहरू सँग सम्वाद गर्दा र सुचनाको आदानप्रदान गर्दा त्यस ठाँउको आधिकारिक वा स्थानीय भाषा वा सदस्यले बुझ्ने भाषा प्रयोग गर्दछ । उक्त संस्थाले लघुवित्त कार्यक्रम अन्तर्गत प्रदान गरिने विभिन्न प्रकारको कर्जाको अधिकतम, औसत र न्यूनतम ब्याजदर आफ्नो वेबसाईट लगायत शाखा कार्यालय र संस्थाको प्रकाशनहरूमा अद्यावधिक गर्दछ । संस्थाका कर्मचारीहरूले पनि आफ्ना सम्बन्धित सदस्यहरूलाई यस विषयमा जानकारी दिन्छन् । विभिन्न किसिमका कर्जामा लिइने ब्याज दर लगायत सबै प्रकारको सेवा शुल्क, कर्जा भुक्तानीको मिति, कर्जा अवधि लगायत सम्पूर्ण जानकारी मौखिक र लिखित दुवै माध्यमबाट गराउँदछन् । केन्द्र बैठकमा सदस्यले माँग गरेका कर्जाको माईन्यूट गरिन्छ । सदस्यले माग गरेका कर्जाको प्रकार र रकमबारे सदस्यलाई लिखित भर्पाई दिईन्छ । कर्जा माग गरेको मिति देखि तीन हप्ता भित्र कर्जा स्वीकृत वा अस्वीकृत भएको जानकारी गरी कर्जा उपलब्ध गर्न जायज छ भने कर्जा उपलब्ध गराईन्छ ।

यसै गरी एउटा महत्वपूर्ण विषय के पनि छ भने कर्जा प्रदान गरिसकेपछि कर्जा असुलीमा केही गुनासो छ भने यस गुनासो समाधानका प्रकृया बारे पनि जानकारी गरिएको हुन्छ । यसको विस्तृत जानकारी यही आलेखमा उल्लेख गरिएको छ ।

अधिक कर्जाको जोखिम कम गर्नको निम्ति सदस्यको आय मुल्याङ्कन/मापन गर्न शाखा प्रवन्धक लगायत अन्य कर्मचारीहरूलाई आवश्यक तालिमको व्यवस्था गरी क्षमताको विकास गरिन्छ । साथै कर्मचारीले ऋण प्रवाह गर्नु अघि सम्वन्धित सदस्यको विगतको कर्जा विवरण क्रेडिट ब्यूरोबाट जाँच गरीसकेपछि मात्र कर्जा स्वीकृत गर्ने वा नगर्ने भन्ने निर्णय लिईन्छ ।

कर्जा प्रदान गरिँदा स्वीकृति पत्र / कर्जा कार्ड मा कर्जा रकम लगायत कर्जाको सेवा शर्तहरूको विस्तृत जानकारी गराईन्छ । सेवा शर्तहरूको विस्तृत जानकारी सदस्यले बुझ्ने स्थानीय भाषामा लिखित र मौखिकरुपमा गराइन्छ । सेवा शर्तहरू दुवै पक्षबाट स्वीकृति भएको लिखित पत्र पनि तयार गरी दुवै पक्षलाई एक एक प्रति दिईन्छ ।

कर्जा सम्झौता पत्रमा ब्याज दर, सेवा शुल्क, बीमा शुल्क लगायत अन्य सबै शुल्कको जानकारी गरिन्छ । हरेक सम्झौतापत्रमा केही विषयहरू अकाट्य हुन्छन् जस्तै सामुहिक जमानीमा कर्जा लिने सदस्यलाई ऋण लिदा कुनै पूर्व भुक्तानी वा धितो राख्न पर्दैन । ऋण भुक्तानी गरीसकेपछि ग्राहक सदस्यले न्यूनतम पहिलो किस्तालाई अनुग्रह अवधि (Grace Period) को रुपमा लिइन्छ । समझदारीपत्रमा माथिल्लो तहको निर्णयबाट व्यवसायको प्रकृति हेरी दोश्रो वा सो पछिको किस्तालाई पनि अनुग्रह अवधि (Grace Period) को रुपमा लिन सकिन्छ । अनुग्रह अवधि (Grace Period) मा ऋणीले किस्ता नतिरे कुनै दण्ड र जरिवानाको भागीदारी हुनपर्दैन ।

गोपनीयताको हकमा संस्थाले ग्राहकको विवरण सम्बन्धित औद्योगिक संघ, क्रेडिट ब्यूरो र कर्जा लिने अन्य संघसंस्था बाहेक अरुलाई उपलब्ध गराउँदैन ।

यदि कर्मचारीले कर्जा उठाउँदा वा अन्य कारण ग्राहक सदस्यलाई अनुपयुक्त कृयापलाप गरेमा गुनासाहरू शिकायत गर्न अनुकरण गर्नुपर्ने तौरतरिका, प्रकृया ग्राहक सदस्यलाई कर्जा प्रदान गर्दा दिइने कर्जा कार्डमा क्रमबद्धरुपमा सरल भाषामा उल्लेख गरिएको हुन्छ । हरेक शाखाहरूमा पनि गुनासा/शिकायत गर्ने विधि अनिवार्यरुपमा सबैले देख्ने ठाउँमा टाँसिएको/राखिएको हुन्छ । सम्झौतापत्रमा उल्लेख गराएर ग्राहकले कर्जा भुक्तानी साप्ताहिक, पाक्षिक वा मासिकरुपमा आफ्नो नगद प्रवाह सुहाउदो किसिमले गर्न सक्छन् । ग्राहक सदस्यलाई

कर्जा स्वीकृतिपत्र दिँदा पासबुक/कर्जा कार्ड र कर्जा सम्झौता पत्रको एक प्रतिलिपि पनि उपलब्ध गराइन्छ। सदस्यहरूको बैठक नियमित रुपमा हप्ताहप्तामा गरिन्छ।

यदि संस्थाले आफ्ना कर्जा दिदा ग्राहक सदस्यले पालन गर्ने शर्तहरू वा नीति, नियम अकस्मात परिवर्तन गर्न आवश्यक ठानेमा त्यसको सुचना ग्राहकलाई स्थानीय भाषामा ग्राहकले बुझ्न सक्ने गरी उपलब्ध गराईन्छ। यस्तै कर्जा भुक्तानीको तालिका, ब्याज दर र सेवा शुल्कमा फेरबदल गर्न आवश्यक परेमा ऋणी सदस्यलाई स्थानीय भाषामा जानकारी गरिन्छ। यसै गरी संस्थाले कर्जा वितरण शाखा कार्यालयको परिसरमा मात्र गर्दछ। कर्जा वितरण गर्दा एक भन्दा बढी शाखाको फाँटको कर्मचारी उपस्थित हुन आवश्यक पर्दछ। कर्जा वितरण गर्दा वरिष्ठ अधिकृत र अनुगमन टोलीले पनि सुपरिवेक्षण गर्दछन्। कर्जा कार्ड/पास बुकमा ऋणीको परिचय, ऋणको व्याजदर र किस्ता, ऋण तिर्ने समय तालिका, संस्थाले किस्ता प्राप्त गरेको प्रमाण, गुनासो शिकायत गर्ने क्रमबद्ध तरिका, शुल्क रहित फोन नम्बर, इमेल, सम्पर्क अधिकृत र सम्बन्धित शाखा कार्यालयको ठेगाना र फोन नम्बर उल्लेख भएको हुन्छ।

कर्जाको ब्याज संकलन केन्द्र बैंठक संचालन गरिने ठाउँमा गरिन्छ। केन्द्र बैंठक गर्ने स्थान संस्था र ग्राहक सदस्यको परस्पर समझदारीमा तय गरिन्छ। दुई वा दुई भन्दा बढी केन्द्र बैंठकमा अनुपस्थित भएमा मात्र ऋणी सदस्यको घरमा नै गएर किस्ता र ब्याज असुल गरिन्छ।

संस्थाले कर्जा रकम (किस्ता) जवरजस्ती उठाउन निरुत्साहित गर्दछ। फिल्ड कर्मचारीको मुल्याङ्कन महत्वपूर्ण मापन प्रकृया (प्यारामिटर) ग्राहक संतुष्टी र संस्थाको आचार संहिताको पालन पनि हो। व्याज संकलन गर्दा संस्था बाहिरको तेश्रो व्यक्ति संलग्न हुँदैन्।

ग्राहक सदस्यले आफ्नो गलत विवरण वा भ्रामक सुचना दिए वा संस्था संम्झौतापत्रमा उल्लेख भएका काममा बाहेक ग्राहक सदस्यको आन्तरिक मामिलामा हस्तक्षेप गर्दैन।

गुनासो व्यवस्थापन/निवारणको लागि गुनासो बक्स र शुल्क रहित फोन नम्बरको व्यवस्था गरिएको हुन्छ। गुनासो व्यवस्थापनको लागि संस्थाले वरिष्ठ अधिकृत तहको छुट्टै कर्मचारीलाई तोकिएको हुन्छ। गुनासो व्यवस्थापनको लागि शाखा कार्यालयमा दिएको पाँच दिनको समय सिमामा सदस्यलाई कुनै प्रगति नभएको देखियो भने ग्राहक सदस्यले गुनासो निवारणको लागि गुनासो व्यवस्थापन कक्षको शुल्क रहित फोन नम्बरमा फोन, ई-मेल वा पत्राचार गर्न सक्दछ। यसरी गुनासो गरिएको पाँच दिन सम्म पनि कुनै चित्तबुझ्दो जानकारी नआएमा केन्द्रीकृत रसीद और प्रसंस्करण केन्द्र (Centralized Receipt and Processing Centre) मा भारतीय रिजर्भ बैंकको कार्यविधि अनुसार एकीकृत लोकपाल योजना (Integrated Ombudsman Scheme) अनुसार गुनासो दर्ता गर्न सकिन्छ।

संस्थाले आफ्ना कर्मचारीहरूले ग्राहक सदस्यलाई पारदर्शिता र जवाफदेहिताको पालन गरी निष्पक्ष सेवा दिनको लागि निष्पक्ष अभ्यास सहितको आचारसंहिता पनि लागु गरेको छ। आचारसंहिता हरेक शाखा कार्यालयले आफ्नो कार्यालयमा र वेबसाईटमा पनि राखिएको हुन्छ। यस आचारसंहिता अन्तर्गत कर्जाको किसिम र हरेक कर्जाको अधिकतम, औसत र न्यूनतम व्याज दर, फिल्ड कर्मचारीहरूको काम, कर्तव्य र अधिकार, फिल्ड कर्मचारीहरूले अनिवार्य गर्नुपर्ने काम र गर्न नहुने काम, गुनासो व्यवस्थापन/निवारण प्रक्रिया, गुनासो व्यवस्थापन/निवारणको लागि ईलाका र शाखा प्रवन्धकको फोन नम्बर, शुल्क रहित फोन नम्बर, मुख्य कार्यालयमा रहेको गुनासो व्यवस्थापन/निवारण कक्षको नम्बर र त्यहाँ जिम्मा पाएको वरिष्ठ अधिकृतको नम्बर, लोकपाल (Ombudsman) को ठेगाना र फोन नम्बर र हरेक शाखा, ईलाका लगायत मुख्य कार्यालयमा गुनासो बाकसको व्यवस्था गरिएको हुन्छ। यसै गरी पारदर्शिता र निष्पक्ष अभ्यास प्रति संस्थाको कटिवद्धता प्रस्तुत गर्न पनि हरेक कार्यालयको परिसरमा अनिवार्य रुपमा आधिकारिक र स्थानीय भाषामा आचारसंहिताको एक प्रति राखिएको हुनुपर्छ। संस्था/कर्मचारीबाट हुने अनाधिकृत व्यवहारको लागि ग्राहक सदस्य प्रति संस्थाको जिम्मेवारी र जवाफदेहिता र शिघ्र गुनासो व्यवस्थापनको लागि संस्थाको कटिवद्धता रहेको घोषणा आधिकारीक र स्थानीय भाषा दुवैमा गरिनुपर्छ।

स्वीकृत भए अनुसारको ऋण उपलब्ध नभएमा, नियम र शर्तहरू सम्झौता पत्रमा उल्लेख भए अनुसार नभएमा, ब्याज दर कर्जा स्वीकृत गर्दाको भन्दा फरक भएमा, सेवा शुल्क, लेवी र अन्य आर्थिक भारको पूर्व सुचना नदिएमा, कर्जा सम्झौता पारदर्शी नभएमा वा अमूर्त भाषा वा दोहोरो अर्थ लाग्ने भाषा प्रयोग गरिएमा, ग्राहकलाई आवश्यक कागजात म्याद सकिएपछि उपलब्ध गराईएमा वा ढिलो उपलब्ध गराईएमा, कानूनी प्रक्रिया अघि बढाउन सकिने/आवश्यक पर्ने सम्झौता पत्र र अन्य आवश्यक कागजात उपलब्ध नगराईएमा, भारतीय रिजर्भ बैंकको जारी निर्देशिका पालन नगरिएमा र संस्थाले जारी गरेको निष्पक्ष अभ्यास संहिता पालन नगरिएमा ग्राहक सदस्यले गुनासो व्यवस्थापन अभ्यास/प्रक्रिया अघि बढाउन सक्छ। यसको लागि लिखितरुपमा शाखा कार्यालयमा आफ्नो गुनासो दर्ता गर्न पर्दछ।

यदि पिडित ग्राहक सदस्यले आफूले क्रेडिट एक्सेस ग्रामीण लिमिटेडमा दर्ता गरेको गुनासो ३० दिन भित्र पनि कुनै जवाफ प्राप्त नगरेमा वा पिडित ग्राहक सदस्यलाई फैसला चित्तबुझ्दो नभएमा भारतीय रिजर्भ बैंकको आधिकारिक पोर्टलमा आफ्नो शिकायत दर्ता गर्न सक्दछन्। यसैगरी यदि पिडित ग्राहक सदस्यले क्रेडिट एक्सेस ग्रामीण लिमिटेडमा आफूले दर्ता गरेको गुनासो १ वर्ष भित्र पनि कुनै जवाफ/सुनुवाई भएन भने वा आफूले दर्ता गरेको गुनासो चित्तबुफ्दो भएन भने आफूले दर्ता गरेको गुनासो १ वर्ष ३० दिन भित्र भारतीय रिजर्भ बैंकमा पत्र मार्फत वा इलेक्टोनिक माध्यमबाट पनि भारतीय रिजर्भ बैंकको (Centralised Receipt and Processing Centre), चण्डीगढ, भारतमा आफ्नो शिकायत दर्ता गर्न सक्दछन्। भारतीय रिजर्भ बैंक अन्तर्गतको लोकपालले सहजीकरण, मेलमिलाप वा मध्यस्थताको माध्यमबाट समाधानको विधि अपनाउन सक्छ। यसबाट पनि समाधान सम्भव नभएमा लोकपालले आफ्नो आदेश जारी गर्दछ। ग्राहक सदस्यलाई लोकपालको आदेशबाट अन्तुष्टि नभएमा भारतीय रिजर्भ बैंकको पुनरावेदन प्राधिकरण (Appellate Authority) मा ग्राहक सदस्यले आफ्नो शिकायत दर्ता गर्न सक्दछन्। माथि उल्लेख भएका सबै वैकल्पिक विवाद निवारण संयन्त्र (Alternate Dispute Resolution Mechanism) हुन् र कुनै पनि बेला वा एकै साथ /समानन्तर रुपमा पनि अदालत, फोरम वा जिम्मेवारी प्राप्त/अख्तियारी प्राप्त संस्था वा व्यक्तिको पनि सेवा लिने अधिकार सम्बन्धित ग्राहक सदस्यलाई पूर्णरुपमा रहेको हुन्छ।

(लेखक स्वावलम्बन विकास केन्द्रका सहायक निर्देशक हुनुहुन्छ।)

उद्यमशीलता विकास र प्रवर्द्धनको लागि ३३ जना शाखा प्रबन्धक प्रशिक्षित

विशेष सत्रमा आफ्नो अनुभव राख्नु हुँदै केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठ

लघुवित्त संस्थाका वढी भन्दा वढी ग्राहक सदस्यहरूलाई उद्यमी बनाई उद्यमशीलता प्रवर्द्धन गर्न तथा लघुवित्तको गरीबी निवारण गर्ने मुख्य लक्ष पुरा गर्न २०७९ भाद्र १३ देखि १७ सम्म शाखा प्रबन्धकहरूका लागि उद्यमशीलता विकास सम्बन्धी ५ दिने तालिम सम्पन्न भएको छ ।

स्वावलम्बन विकास केन्द्रले आयोजना गरेको उक्त पाँच दिने तालिमको अवसरमा उद्यमशीलता विज्ञ तथा तालिमका सहजकर्ता गोकुल प्याकुरेल र राजन केसीले उद्यमशीलताको अवधारणा, महत्व, व्यवसाय छनौटको सही तरिका, बजारमुखी अवधारणा, पहिचान र बजारीकरणको विकास, लघुवित्त संस्थामा ऋण अनुगमन र उद्यमीको सही पहिचान लगायतका विषयमा विस्तृत जानकारी दिनु भएको थियो ।

पाँच दिनको उक्त तालिममा एक दिन लघुवित्तका ग्राहक सदस्यको उद्यम गतिविधिहरूमा केन्द्रित फिल्ड अवलोकन, अध्ययन गरिएको थियो भने बाँकी ४ दिन सैद्धान्तिक तथा व्यवहारिक सत्रहरू सञ्चालन गरिएका थिए । जम्मा २० वटा सत्रहरू समावेश उक्त तालिमको प्रत्येक सत्र ९० मिनेट समयावधिको थियो । कुल २० वटा सत्रहरू मध्ये ३ वटा सत्र फिल्ड तयारी र प्रस्तुतीकरणका लागि र ४ वटा सत्र व्यवसायिक योजना तर्जुमाका लागि छुट्याइएको थियो । बाँकी रहेका १३ वटा सत्रमा परिचय, तालिमको मापदण्ड निर्धारण, सहभागी प्रशिक्षार्थीहरूको अनुभवहरू आदानप्रदान लगायतका गतिविधिहरूकोलागि छुट्याइएको थियो ।

तालिमको विशेष सत्रकोरुपमा स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले लघुवित्तको परिप्रेक्षमा उद्यमशीलता विकासको महत्व, बर्तमान अवस्था र आवश्यकतामा केन्द्रित भएर आफ्ना विचारहरू राख्नु भएको थियो । सो अवसरमा उहाँले लघुवित्त संस्थाहरूले आफ्ना सबै ग्राहक सदस्यलाई उद्यमी बनाएर राष्ट्रलाई नै योगदान गर्नु पर्ने आवश्यकता औँल्याउनु भयो । "हरेक लघुवित्त संस्थाले आफ्नो शाखा स्तरबाट समस्याहरू पहिचान गर्ने बेला आएको छ । अब कर्जा मात्रै प्रदान गर्नुको सट्टा आफ्ना सबै ग्राहक सदस्यहरूलाई उद्यमी बनाउन सके अरूका ग्राहक तान्नु पर्ने अवस्था आउँदैन र लघुवित्त विरुद्धको सङ्घर्ष समिति लगायत हाल देखा परेका करीब ९० प्रतिशत समस्याको समाधान हुन्छ । लघुवित्त संस्थाले आफ्नो ग्राहकहरूको विवरण संकलन गरी उनीहरूलाई कम्तिमा पूर्णकालिन उद्यमी, मध्यम स्तरको उद्यमी, स्टार्टअप उद्यमी अर्थात शुरुवाती उद्यमीमा वर्गीकरण गर्ने र सोही अनुरुप कार्यक्रमहरू ल्याउनु आवश्यक छ । तीस वर्षअघि सम्म नेपालले चामल, गहुँ, तोरी निकासी गर्ने गर्दथ्यो । अहिले हामी अन्नमा परनिर्भर छौँ । हालै भारतले गहुँ निकासी बन्द गर्दा गहुँको पिठोको मूल्य २४ रुपैयाँले बढेको छ । तसर्थ, यो समय लघुवित्तले सदस्यहरूको उद्यमशीलता क्षमताको विकास गरी उत्पादनमा आधारित उद्यमहरूको लागि प्रोत्साहित गर्ने र अन्य देशहरूबाट खाद्यान्नमा आधारित वस्तुहरूको आयातलाई न्यूनीकरण गर्न देशलाई सहयोग गर्ने समय हो । तालिममा सिकेको ज्ञान र सीप प्रत्येक शिक्षार्थीले अर्को पाँच जनालाई र त्यो पाँच जनाले अरू पाँचजनालाई पनि सिकाउनु पर्छ । यो शृङ्खला निरन्तर चल्नुपर्छ यदि त्यसो भए सबै सदस्यहरूमा उद्यमशीलता सम्बन्धी सीप फैलाउन समय लाग्दैन । तपाईहरूले यसमा नेतृत्वदायी भूमिका खेल्नु पर्छ ।

अहिले लघुवित्तको अर्को ठूलो आवश्यकता भनेको प्राविधिक विशेषज्ञता सहित उद्यमशीलतामा समर्पित नयाँ र उदयीमान पुस्ताको आवश्यकता हो । जसले हालको निर्वाहमुखी गतिविधिहरूलाई व्यावसायिक उद्यमहरूमा रूपान्तरण गर्न सकोस् । ग्राहक सदस्यका छोराछोरीहरूलाई यसको लागि तयार गर्नु पर्ने आवश्यकता रहेको छ ।" श्रेष्ठले भन्नुभयो ।

तालिममा सहभागी शिक्षार्थीहरूलाई उहाँले लघुवित्तका विकृतिबाट टाढै बस्न सुझाव पनि दिनु भयो । "हामीले लघुवित्तको भाखा नाघ्ने सदस्य विरुद्ध कानुनी कारबाहीको अपेक्षा गर्नु हुँदैन । हामीले उद्यमशीलता संस्कृतिलाई प्रवर्द्धन गरी सदस्यलाई सम्पन्न बनाउन सके यस्ता समस्याहरू स्वतः समाधान हुन्छन् । यसकोलागि हामीले दोहोरोपनाबाट बच्नुपर्छ र दोहोरोपना विरुद्ध कारवाहीको नीति लिनु पर्छ । एक असल शाखा प्रबन्धककोरूपमा हामीले ग्राहकहरूलाई नियमित रूपमा भेट्नुपर्छ, भ्रमण तालिका तयार गर्नुपर्छ र तालिकाको नियमित पालना गर्नुपर्छ । हामीले कर्जा लिन र तिर्नको लागि ग्राहकलाई जबरजस्ती गर्ने प्रयास गर्नु हुँदैन । ऋण दिनु अघि ग्राहकको चाहना, आवश्यकता, क्षमता आदिको विश्लेषण गरेर मात्र दिने गर्नु पर्छ ।" श्रेष्ठको सुझाव थियो ।

तालिम उद्घाटन समारोहका प्रमुख अतिथि तथा स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडका नायब प्रमुख कार्यकारी अधिकृत गोविन्द चापागाईले सहभागीहरूलाई सिक्न र सिकेको कुरा फर्केर आफ्नो कार्यस्थलमा लागु गर्न हौसला बढाउनु भयो ।

सोही अवसरमा स्वावलम्बन विकास केन्द्रका कार्यकारी प्रमुख बेचन गिरीले लघुवित्त तथा लघुवित्त सञ्चालन गर्ने सहकारी

(बाँकी पृष्ठ १८ मा)

गरीबी, बेरोजगारी र कार्बन रहित संसारको सिर्जनामा
थ्री जिरो क्लबको भूमिका

- दामोदर रेग्मी

थ्री जिरो क्लब के हो ?

थ्री जिरो क्लब (तीन शून्य क्लब) नोवेल शान्ति पुरस्कार विजेता प्रोफेसर मोहम्मद युनूसको शून्य गरीबी, शून्य बेरोजगारी र शून्य खुद कार्बन उत्सर्जनको लक्ष्य प्राप्त गर्न युवा पुस्तालाई नेतृत्वदायी भूमिका प्रदान गर्ने उद्देश्यले परिकल्पना गरेको अवधारणा हो । यसले शून्य खुद कार्बन उत्सर्जन सँगै गरीबी अन्त्यका लागि धनको विकेन्द्रीकरण र उद्यमशीलता प्रवर्द्धन मार्फत शून्य बेरोजगारी सिर्जना गर्ने तर्फ काम गर्छ ।

एउटा क्लबमा १२ देखि ३५ वर्ष उमेर बीचका पाँच जना युवाहरूको आवद्धता रहन्छ । क्लब भित्रको सबैभन्दा जेठो र कान्छो सदस्यहरू बीच उमेरको भिन्नता सात वर्ष भन्दा बढी हुनु हुदैन ताकि उनीहरूको सोचाई र धारणामा एकरुपता आओस र काम गर्न सहज होस् । ती पाँच जना सदस्य मध्ये एक जनालाई क्लबको नेतृत्व गर्न प्रमुखकोरुपमा चयन गरिन्छ भने अर्को एक जना उप-प्रमुख हुन्छ । क्लब दर्ताको समयमा सदस्यहरूलाई संस्थापक सदस्य, प्रमुख व्यक्तिलाई संस्थापक प्रमुख, उप-प्रमुखलाई संस्थापक सहायक प्रमुख व्यक्तिकोरूपमा राखिन्छ । थ्री जिरो क्लबले आफ्नो वरिपरिको भूगोल एवं समुदायका समस्याको पहिचान गरी समाधानको लागि काम गर्छ । यस्ता क्लबहरू एक आपसमा आवद्ध भएर आफ्नो दायरालाई फराकिलो र थप सशक्त बनाउँछन् ।

विश्वको जुनसुकै गरीब, धनी, ग्रामीण, उपशहरी, शहरी क्षेत्र एवं वर्ग वा लिङ्गका १२ देखि ३५ वर्ष उमेरका जोकोही युवाहरूले पनि क्लबको सदस्य हुन वा क्लब गठन गर्न सक्छन् । युवाहरू सम्मिलित थ्री जिरो क्लबको विश्वव्यापी सञ्जाल निर्माण गर्ने, थ्री जिरोको महत्व, आवश्यकता एवं लक्ष्यबारे जानकारी गराई त्यसमा युवाहरूको रचनात्मक र नेतृत्वदायी भूमिकाको अवसर सिर्जना गर्ने प्रयास थ्री जिरो क्लबले गर्छ । प्रत्येक थ्री जिरो क्लब विश्वका जल्दाबल्दा समस्याहरूको समाधानमा स्थानीय स्तरबाट पहलकदमी गर्ने एक स्वस्फुर्त रूपमा गठन भएको समूह हो ।

थ्री जिरो क्लबको लक्ष्य

थ्री जिरो क्लबको लक्ष्य भनेको उद्यमशीलताको भावना अनुरूप युवाहरूलाई हाम्रो समयको सबै भन्दा जटिल तर महत्वपूर्ण सामाजिक र वातावरणीय समस्याहरू समाधान गर्ने उपायहरू बारे सोच्न, नयाँ सोच, प्रविधिको आविस्कार एवं सिर्जना गर्न र नेतृत्व लिन प्रेरित गर्नु र त्यसमा उनीहरूलाई सक्षम र निपुण बनाउनु हो ।

कसरी काम गर्छ त क्लबले ?

प्रत्येक क्लबले आफ्नो ठाउँ वा क्षेत्रका जल्दाबल्दा मुद्दाहरूमा काम गर्नुको साथै यो सञ्जाल अन्तर्गत रहेका अन्य क्लबको सहयोगी इकाईको रूपमा पनि काम गरेको हुन्छ । प्रत्येक क्लबले आफ्नो कार्य क्षेत्र, गतिविधिहरू तथा भूमिकाहरू बढाउँदै सोही अनुसार आफ्नो विषयगत कार्य क्षेत्र तथा भूमिकालाई पनि समयानुकुल परिभाषित गर्दै जानेछ । क्लबका गतिविधिहरू फराकिलो हुँदै जाँदा तिनीहरूले सदस्यहरूलाई पनि अभियन्ताकोरुपमा रूपान्तरण गर्छन् जसले बिस्तारै आफूलाई संसार परिवर्तन गर्ने शक्तिकोरूपमा प्रकट गर्छन् । क्लबले युवाहरूलाई आफू बसेको संसारको बारेमा गुनासो गर्दै आफ्नो जीवन बिताउनुको सट्टा आफ्नो रोजाईको संसार सिर्जना गर्ने जिम्मेवारी लिने अवसर दिन्छ । प्रत्येक क्लबले कुनै विशेष विषयमा केन्द्रित भएर आफ्नै "सर्कल" बनाउन सक्छ वा साझा चासो भएका साथीहरूको संसारलाई फराकिलो बनाउन कुनै पनि देश वा क्षेत्रमा अवस्थित सर्कलहरूमा सामेल हुन सक्छन् ।



थ्री जिरो क्लबसँग सम्बन्धित विभिन्न गतिविधिहरू

थ्री जिरो क्लब दर्ता प्रक्रिया

थ्री जिरो क्लब अनलाईन माध्यमबाट दर्ता गरिन्छ। यसकोलागि गुगलमा गएर www.3zero.club लग इन गरी क्लकको प्रमुख व्यक्तिले तीन शून्य क्लबको अनलाईन दर्ता आवदेन दिने र सो आवेदन थ्री जेड ग्लोबल सेन्टरबाट स्वीकृत भए पछि दर्ता हुन्छ।

1 चरण १: क्लब बनाउन सहमत पाँच युवाहरु जसमा एक जना प्रमुख, एक जना उप प्रमुख र तीन जना सदस्य चयन गर्ने ।

2 चरण २: प्रमुख व्यक्तिले अनलाइन 3ZERO क्लब दर्ता फारम भर्ने www.3zero.club

3 चरण ३: पेश गरेको दर्ता आवेदनको 3ZERO ग्लोबल सेन्टरले समीक्षा गर्नेछ ।

4 चरण ४: 3ZERO क्लब दर्ता स्वीकृति र स्वागत पत्र प्राप्त हुनेछ ।

थ्री जिरो क्लबले काम गर्ने क्षेत्रहरू

एउटा क्लब उल्लेखित कुनै पनि क्षेत्र छनोट गर्न स्वतन्त्र छ, क्लबले सूचीमा भएको वा नभएको क्षेत्रका कुनै एक फोकस एरियाको छनौट गर्न सक्दछ।

वातावरण	प्रविधि	शिक्षा	उर्जा
उद्यम	लघुकर्जा	रोजगारी	नर्सरी
स्थास्थ्य	अर्थ	अर्थशास्त्र	खाना तथा पोषण
इतिहास	पर्यटन	पत्रकारिता	साहित्य
कृषि	वन	यातायात	खेलकुद
सामाजिक	सरसफाई	समाज	फोहोर
आमा तथा नवजात शिशु	कला तथा संस्कृति	फरकरुपमा सक्षम	

थ्री जिरो क्लबका सर्कल, सर्कल केन्द्र र नेटवर्कहरू

एउटा थ्री जिरो क्लब अर्को क्लब वा साझा प्राथमिकताको क्षेत्र एवं विषयहरूमा काम गर्ने अरु क्लबहरूको समूहमा आवद्ध हुन सक्छ। साथै आफैले एउटै शहर वा आफ्नो छरछिमेकमा रहेका समान लिङ्ग, विषय, कार्यक्षेत्र, उमेर समूहका सदस्य वा अन्य विशिष्ट प्रकारको समानताको आधारमा अन्य क्लबहरू पनि खोज्न सक्छन्। यस्ता केही समान विशेषताहरू भएका एउटै भेगका पाँच वा पाँच भन्दा बढी क्लबहरू मिलेर साझा विषयमा काम गर्नको लागि सर्कल बनाउन सक्छन्। यस्तो सर्कललाई थ्री जेड ग्लोबल सेन्टरमा दर्ता भएपछि मात्र मान्यता दिईन्छ। सर्कलमा सहभागी क्लबहरूले आफ्नो सर्कलको साझा विशेषताहरू एवं कार्यक्षेत्रबारे निर्णय गर्छन्। थ्री जेड ग्लोबल सेन्टर तीन शून्यको अवधारणामा काम गर्ने क्लब तथा संघ संस्थाहरूका गतिविधिको व्यवस्थापन र सञ्जालको सहजीकरण गर्ने आधिकारिक विश्वव्यापी समन्वय केन्द्र हो। यसको कार्यालय बंगलादेशको ढाका स्थित युनूस सेन्टरमा रहेको छ। एउटा तीन शून्य क्लब साझा विशेषता भएको सर्कल संग जोडिन वा आफु जस्तै क्लबहरूको सर्कल बनाउनको लागि थ्री जेड ग्लोबल सेन्टरसँग सम्पर्कमा रहेर आवश्यक सहयोग प्राप्त गर्न सक्छ।

थ्री जिरो क्लबहरूले एउटै देश, एउटै भाषा, एउटै प्रान्त, एउटै जिल्ला, एउटै शहर वा शहरको एउटै टोलमा पनि सर्कल गठन गर्न सक्छन्। यसको साथै ईयू, एशियन, सार्क जस्ता बहुराष्ट्रिय प्रशासनिक वा भौगोलिक पहिचान भएका निकायहरूको दायरालाई आधार मानेर पनि सर्कलको गठन गर्न सक्छन।

सर्कलहरूले आफ्नै सामुहिक निर्णयको आधारमा साझा कार्यक्रमहरू तय गर्छन्। सर्कल गठनको पहल गर्ने क्लब वा सर्कलमा सहभागी क्लबहरू मध्ये एउटालाई सर्कलको समन्वयकारी भूमिका निभाउन सर्कल केन्द्रको रूपमा तोकिन्छ। सर्कल केन्द्रमा प्रमुख र सह-प्रमुख चयन हुने गर्छन। सर्कल केन्द्रको प्रमुख व्यक्तिलाई सर्कलको "नेभिगेटर" र सह-प्रमुख व्यक्तिलाई "सह-नेभिगेटर" भनेर चिनिन्छ।

सर्कलहरूको अतिरिक्त क्लबहरूले सञ्जाल "नेटवर्क" पनि बनाउन सक्छन्। सञ्जाल बनाउनको लागि सर्कलमा जस्तो क्लबहरू बिचमा कुनै साझा विषयमा समानता हुनु अनिवार्य हुदैन। कुनै पनि सुविधा, फाइदा वा लक्ष्य प्राप्तीको लागि क्लबहरू मिलेर सञ्जालहरू बनाउन सक्छन्। सञ्जालमा पनि सर्कलमा जस्तै सञ्जाल नेभिगेटर र सह-नेभिगेटरहरू हुन्छन्। सञ्जालमा आवद्ध सबै क्लबहरूले आफ्नो साझा लक्ष्यहरू थप प्रभावकारी र मजवुत बनाउन एक अर्का सँग जोड्ने काम गर्छन्।

नेपालमा थ्री जिरो क्लबको शुरुवात र वर्तमान अवस्था

प्रोफेसर मोहम्मद युनूसले सामाजिक व्यवसाय विश्व शिखर सम्मेलन नेपाल फोरम २०७८ मा सम्बोधन गर्दै सर्वप्रथम थ्री जिरो क्लबको सान्दर्भिकताका बारेमा उजागर पार्नु भएको थियो। मानवजातिले आफ्नो जीवनलाई सुविधामुखी बनाउने क्रममा बिगतमा गरेको गल्तीहरूका कारणले पृथ्वीको अस्तित्वमा नै प्रश्न चिन्ह खडा भएको छ। पृथ्वीको तापक्रममा भएको निरन्तर बृद्धि, जलवायु परिवर्तन तथा विभिन्न किसिमका प्राकृतिक प्रकोप एवं माहामारीहरू यसका ज्वलन्त उदाहरण हुन। विगतमा भएका गल्ती र कमीकमजोरीहरूको विश्लेषण गरी प्रत्येक क्लबले आफ्नो क्षेत्रका जल्दाबल्दा मुद्दाहरूमा काम गर्नुको साथै समान उद्देश्य लिएका क्लबहरूको सञ्जालहरूको माध्यमबाट युवाहरूले चाल्ने सकारात्मक अभियानले पृथ्वीमा रहेका प्रमुख समस्या न्यूनीकरणमा युवाहरूको भूमिका अपरिहार्य छ। प्रो. युनूसले शुरुवात गर्नुभएको यो अभियानमा विश्वभरका युवाहरू जुट्न थालेका छन्।

नर्सरीको क्षेत्रमा काम गर्दै थ्री जिरो क्लबका सदस्यहरू

सरसफाईको क्षेत्रमा काम गर्दै थ्री जिरो क्लबका सदस्यहरू

उद्यमशीलताको क्षेत्रमा काम गर्दै थ्री जिरो क्लबका सदस्यहरू

हालसम्म (सेप्टेम्वर २०२२) विश्वभरका ३७ देशहरूमा ४३३ वटा थ्री जिरो क्लबहरू गठन भईसकेका छन् । क्लवहरू गठन प्रक्रियालाई सहज गर्न १७ वटा सहयोगी संस्थाहरूले सहजीकरण गरेका छन् भने ४६ जना सहजकर्ताहरू सक्रियरुपमा क्रियाशील छन् । गठन भएका क्लबहरू मध्ये सवैभन्दा बढी नेपालमा १३६ वटा छन् भने बंगलादेशमा ११० वटा क्लबहरू गठन भएका छन् । क्लबमा आवद्ध युवाहरूलाई उमेरको आधारमा हेर्दा सवैभन्दा बढी १८ वर्ष देखि २४ वर्षका युवाहरूमा थ्री जिरो क्लबको आकर्षण देखिन्छ । दर्ता भएका प्रत्येक क्लबले आगामी ६ महिनाको योजना तयार गरेका हुन्छन् । योजना बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक श्रोत साधनको व्यवस्थापन एवं सो क्रियाकलापसँग सम्बन्धित पक्षहरूवीचको अन्तरक्रियाले युवाहरूको क्षमता विकासमा उल्लेखनीय भूमिका खेलेको देखिन्छ । हालसम्म नेपालमा गठन भएका क्लवहरूमध्ये अधिकांशले वातावरण संरक्षणको क्षेत्रमा काम गर्ने योजना बनाएको देखिन्छ भने युवाहरूमा शुन्य गरीबी तथा शुन्य वेरोजगारीको क्षेत्रमा पनि उल्लेखनीय मात्रामा काम गर्ने चाहना रहेको देखिन्छ ।

प्रविधिको विकास सँगै युवाहरूमा देखिएको विकृति र विसंगति तथा युवाहरूलाई कुलतबाट जोगाई समाज, राष्ट्र र पृथ्वीप्रति उत्तरदायी बनाउन थ्री जिरो क्लबले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने देखिन्छ । यसले युवाहरूको क्षमता अभिबृद्धि गरी उनीहरूलाई जिम्वेवारका साथसाथै क्रियाशील अनि सृजनशील बनाउन मद्दत गर्दछ । साथै लघुवित्त संस्थाहरूले यसका लागि गरेको पहलका कारण युवाहरूमाझ लघुवित्त प्रतिको सकारात्मक दृष्टिकोणको विकास भई गरीबी न्यूनीकरण गर्न, रोजगारीका अवसरहरूको सिर्जना गर्नुका साथै कार्वन उत्सर्जन न्यूनिकरणमा जिम्मेवार समाज निर्माणमा सघाउ पुऱ्याउन सक्दछ । आऔं, जुटौं शून्य गरिवी, शून्य बेरोजगारी र शून्य खुद कार्बन उत्सर्जनको यो अभियानमा सहभागी बनौं ।

(लेखक जीवन विकास ल. वि. वि. सं. लि.का नायव प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ ।)

(पृष्ठ १५ बाट ...)

उद्यमशीलता विकास ...

संस्थाको क्षमता विकास गर्न केन्द्रले छाता संगठनकोरूपमा काम गर्दै आएको र सहभागीहरूलाई यो सिक्ने अवसरको सदुपयोग गर्न आग्रह गर्नुभयो ।

तालिम समापनको अवसरमा स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत नरेन्द्र सिंह विष्टले ५ दिने तालिमको कोर्ष वर्तमान समयमा निकै सान्दर्भिक भएको बताउँदै यसले संस्थाको आगामी कार्य सम्पादनमा निकै सहयोग पुग्ने अपेक्षा रहेको बताउनु भयो । साथै उहाँले सहभागी शाखा प्रबन्धकहरूलाई तालिमका सिकेको कुरा सिर्जनशील भएर प्रभावकारी योजना सहित कार्यान्वयनमा लैजान निर्देशन दिनुभयो ।

कोरोना महामारीको असर लगायत वर्तमान समयमा लघुवित्त क्षेत्रमा देखा परेका समस्याहरूको निराकरण गरी रचनात्मक

प्रशिक्षण कार्यक्रमका सहभागीहरू

रणनीतिका साथ अघि बढ्न र सोही अनुसार शाखाको क्षमता सुदृढ गर्न सघाउने हेतुले शाखा प्रबन्धकहरूलाई लक्षित गरी तालिमको परिकल्पना गरिएको तालिमका प्रशिक्षक गोकुल प्याकुरेलले जानकारी दिनुभयो ।

स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. को माग बमोजिम आयोजना गरिएको उक्त तालिममा दुई जना महिला र ३१ जना पुरुष सहित कुल ३३ जना शाखा प्रबन्धकहरूको सहभागिता रहेको थियो । सहभागीहरूले तालिममा सिकेको सीप तथा ज्ञानलाई आफ्नो कार्य क्षेत्रमा लागु गर्ने प्रतिवद्धता जनाउदै हरेक सहभागीले आफ्नो शाखाको एक बर्षे उद्यमशीलता विकास कार्य योजना समेत तयार पारेका छन् ।

लक्षित वर्गको हितमा केन्द्रित भएर लघुवित्तका
आन्तरिक श्रोत परिचालन गर्न जोड

स्वावलम्बन विकास केन्द्रले २०७९ भाद्र ५ देखि ७ सम्म आयोजना गरेको "आन्तरिक श्रोत परिचालन तथा व्यवस्थापन" विषयक तीन दिने तालिमको अवसरमा लघुवित्तको मूल्य, मान्यता र सिद्धान्त अनुसार लक्षित वर्गको उत्थानको लागि थोरै श्रोतमा धेरै प्रतिफल कसरी लिने भन्ने विषयमा लघुवित्त संस्थाका शाखा प्रबन्धक तथा कर्मचारीहरूलाई प्रशिक्षित गरिएको छ ।

सो अवसरमा स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले थोरै श्रोतमा धेरै प्रतिफल दिने हो भने लघुवित्तकर्मीहरू लघुवित्तको लक्षित वर्ग गरीब तथा विपन्न महिलाहरूको घर दैलोमा पुगेर उनीहरूलाई उद्यमी बनाउन मन, बचन र कर्मले काम गर्नु पर्ने धारणा राख्नु भयो । यसको लागि लघुवित्तको मर्म, भावना, सिद्धान्त शिरोपर गरेर अघि बढ्नु आवश्यक रहेको श्रेष्ठको भनाई थियो । "लघुवित्त शुरु गर्दा हाम्रो चाहना भनेको मुलुकको विपन्न वर्ग, आर्थिक र सामाजिकरुपमा पिछडिएको वर्गको उत्थान गर्नको लागि केही गरौँ भन्ने थियो हामीले कुनै व्यक्तिगत लोभले लघुवित्तको शुरुवात गरेका हैनौँ । उ बेला नेपालमा गरीबी सरकारी तवरबाट मात्रै उन्मुलन हुदैन भन्ने ठानेर पनि यसको शुरुवात गरेको हो । शुरुवातमा लघुवित्तले गरीबी निवारणमा धेरै राम्रो प्रतिफल दियो । त्यो बेला लघुवित्तकर्मीहरूले थोरै सेवा सुविधामा लघुवित्तको विधि, प्रकृया र सिद्धान्तलाई शिरोपर गरी मन, बचन र कर्मले काम गरे । पछि लघुवित्त मुनाफा केन्द्रित हुँदै गयो । लघुवित्त सञ्चालक र कर्मचारी सुविधाभोगी हुन थाले । तपाईंहरू अहिले राम्रै आम्दानी गर्नु हुन्छ । लघुवित्तले सब थोक दिएको छ । अब त्यो गरीब र विपन्न वर्गको उन्नतिमा पनि रमाउन सिक्नुस् । गरीबको जीवनशैली परिवर्तन गर्दा प्राप्त हुने आनन्द बेग्लै छ ।" श्रेष्ठले भन्नुभयो ।

बंगलादेशको लघुवित्तको दृष्टान्त दिदै श्रेष्ठले भन्नुभयो "बंगलादेशले ग्रामीण बैंकले शुरुका दिनमा जे जस्तो मान्यता अनुसार लघुवित्त कार्यक्रम शुरु गरेको थियो त्यही मान्यतामा अडिग छ । यसको परिणाम अहिले संस्था पनि बलियो छ र कर्मचारीको भविष्य पनि उज्वल छ । कर्मचारीका छोराछोरीको भविष्य पनि सुरक्षित छ । तर नेपालमा लघुवित्तहरूले मूल्य, मान्यता, सिद्धान्तहरू सबै छाडी सक्यौँ । बंगलादेशमा लघुवित्तहरू थोरै श्रोतमा धेरै उपलब्धि हासिल गर्न सफल भएका छन् । हामीले प्रशस्त श्रोत भएर पनि लक्षित वर्गको लागि धेरै गर्न सकेका छैनौँ । यसको कारण भनेको हाम्रो सोच र काम गर्ने तौर तरिका हो । हामीले सदस्यको भन्दा पनि सञ्चालक र कर्मचारीहरूको सेवा सुविधामा जोड दिने गरेको पाईन्छ । बंगलादेशमा ऋण दिने लघुवित्त संस्था सदस्यको आफ्नो मुटुमा बसेका छन । हाम्रोमा सदस्यले प्लेकार्ड बोक्न थालिसकेका छन् । लघुवित्त विरुद्धको अहिलेको आन्दोलन पनि हाम्रो चरित्र, सोच, व्यवहार तथा मुल्य मान्यतामा आएको स्खलन, हामीले गरेको व्यवहार र अपनाएको कार्यशैलीकै उपज हो ।"

तालिमको सहजीकरण स्वावलम्बन विकास केन्द्रका निर्देशक सतिस श्रेष्ठ र वरिष्ठ अधिकृत रेणु प्रजापति, नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत राम बहादुर

तालिमका सहभागीहरू

यादव, व्यवस्थापन विज्ञ दिपेश श्रेष्ठ, आरएमडीसी लघुवित्त वित्तीय संस्थाका वरिष्ठ अधिकृत रुपवहादुर खड्का, मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडका मानव श्रोत प्रमुख उमेश मान डंगोलले गर्नु भएको थियो ।

तीन दिने तालिमको अवसरमा आन्तरिक श्रोत परिचालनको महत्व र आवश्यकता तथा यसलाई प्रभाव पार्ने तत्वहरू, आन्तरिक श्रोत परिचालन सुदृढीकरण तथा मापन गर्ने विधिहरू, ग्राहक सँगको व्यवहार र सकारात्मक सोच, शाखा प्रबन्धकहरूलाई सञ्चार सीप सुदृढीकरण, तथा तनाव व्यवस्थापन विधि, बिक्री कला लगायतका विषयमा विज्ञ प्रशिक्षकहरूले प्रस्तुति गरेका थिए । सो अवसरमा प्रशिक्षार्थीहरूले ९ वटा सैद्धान्तिक र अन्य केही व्यवहारिक सत्रहरूबाट सिक्ने अवसर पाएका थिए ।

तालिमको अवसरमा बोल्दै स्वावलम्बन विकास केन्द्रका कार्यकारी प्रमुख बेचन गिरीले कुनै पनि संस्था सफल हुनको लागि आफू सँग भएको श्रोतको सही ढंगले परिचालन र व्यवस्थापन गर्नु आवश्यक रहेको बताउनुभयो ।

तालिम समापनको अवसरमा केन्द्रका निर्देशक सतिस श्रेष्ठले आफ्नो शाखा वा संस्थामा भएको प्रतिष्ठान सामाजिक उत्तरदायित्व कोष अन्तर्गतको पैसा सदस्यको भलाईमा खर्च गर्न सुझाव दिनु भयो । साथै उहाँले तालिमको सिकाई व्यवहारमा लागु गर्ने अपेक्षा गर्नु भयो । "स्वावलम्बन विकास केन्द्रले कोरोना महामारी पछि आयोजना गरेको तालिम कार्यक्रममा यहाँको उत्साहजनक उपस्थिति भएको छ । यसले हामीलाई थप ऊर्जा दिएको छ र हामीले यस्ता तालिम कार्यक्रम क्षेत्रियस्तरमा पनि आयोजना गर्ने सोच बनाएका छौँ । साथै तीन दिनको अवधिमा तपाईंहरूले धेरै सिक्नु भएको छ । एउटा सकारात्मक सोचको विकास भएको छ । यहाँ सिकेको कुरा कार्यक्षेत्रमा लागु गर्न सहजता मिलोस् र यसमा व्यवस्थापनको सहयोग मिलोस्" श्रेष्ठले भन्नुभयो ।

तालिममा १३ वटा लघुवित्त तथा सहकारी संस्थाका ३० जना शाखा प्रवन्धक, तथा अधिकारीहरू सहभागी भएका थिए । सहभागीहरूले "आन्तरिक श्रोत परिचालन तथा व्यवस्थापन" तालिमको अवसरमा प्राप्त ज्ञानहरू निकै आवश्यक र व्यवहारिक भएको बताउँदै तालिमका सिकाईहरू आफ्नो कार्यस्थलमा कार्यान्वयन गर्ने प्रतिवद्धता जनाए ।

स्वावलम्बन विकास केन्द्रको ३१औं वार्षिकोत्सव समारोह सम्पन्न

२०७९ साउन २८ गते स्वावलम्बन विकास केन्द्रको ३१औं वार्षिकोत्सव समारोह सम्पन्न भएको छ। सो अवसरमा तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको कार्य विवरण प्रतिवेदन पनि विमोचन गरिएको छ। समारोहका प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर दीपेन्द्र बहादुर क्षेत्री र समारोहका सभापति तथा केन्द्रका प्रबन्ध समिति अध्यक्ष शंकर मान श्रेष्ठले उक्त कार्य विवरणको बिमोचन गर्नु भएको हो।

सो समारोहमा बोल्दै प्रमुख अतिथि क्षेत्रीले लघुवित्तको मूल लक्ष गरीबी निवारण गर्ने रहेको बताउँदै लघुवित्तको कारण नेपालमा गरीबी घटाउन धेरै सहयोग पुगेको बताउनु भयो। साथै उहाँले गरीबी निवारणलाई सबै लघुवित्त संस्थाहरूले साझा अभियानको रुपमा अघि बढाउनु पर्ने धारणा राख्नुभयो। "नेपालमा गरीबी माँगी खाने भाँडोकोरुपमा प्रयोग हुँदै आएको छ। गरीबीको नाममा आफू कसरी आर्थिकरुपमा सबल हुने भन्ने तर्फ सबै क्षेत्र केन्द्रित भएको छ। राजनीतिक नेतृत्वबाट गरीबीको नाममा अरु देश सँग असमान सन्धि सम्झौताहरू समेत हुँदै आएका छन्। यो मानसिकताबाट अघि नबढ्ने हो भने देशको भविष्य अन्यौल हुन जान्छ। गरीबी निवारण विरुद्ध सही योजना अघि सारेर आ-आफ्नो क्षेत्रबाट अघि वढ्नु जरुरी छ। लघुवित्तहरूले पनि यो विषयलाई साझा समस्याको रुपमा लिएर निकास खोज्नु उपयुक्त हुन्छ।" क्षेत्रीको भनाई थियो। साथै क्षेत्रीले स्वावलम्बन विकास केन्द्रको नेतृत्व शुरु देखिनै इमानदार र दृढ भएर समाज परिवर्तनमा लागेको उल्लेख गर्दै अगाडि भन्नु भयो "उहाँहरूले शुरु देखि गरेको प्रयासले अहिले समाज धेरै अघि बढेको छ। धेरै भन्दा धेरै परिवारहरू आर्थिकरूपले सबल र सक्षम भएका छन्। अरुको मुख हेरेर बस्नु पर्ने परिस्थिति आएको छैन। छोराछारीलाई राम्रो शिक्षा दिएर देशको लागि केही गर्न सक्ने बनाएका छन्। आगामी दिनमा पनि यस्ता कार्यलाई निरन्तरता दिनुहोस्।"

समारोहका सभापति तथा स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले लघुवित्त क्षेत्रले शून्य गरीबी, शून्य बेरोजगारी र शून्य खुद कार्वन उत्सर्जनमा लघुवित्त तथा लघुवित्त गर्ने सहकारी संस्थाहरू लाग्नु पर्ने बेला भएको उल्लेख गर्नु भयो।

प्रमुख अतिथि र अतिथिका साथ केन्द्रका अध्यक्ष तथा संस्थापकहरू

सो अवसरमा उहाँले स्वावलम्बन विकास केन्द्रको ३१ वर्षे यात्रा सम्झदै शुरुको दिनमा जुम्ला, कालिकोट लगायत कर्णाली प्रदेशको बिकट क्षेत्रमा शुरु गरेको सामुदायिक स्वावलम्बन विकास कार्यक्रम र तराई लक्षित स्वावलम्बन बैकिङ कार्यक्रम शुरु गर्दाको रोमाञ्चकारी अनुभव पनि स्मरण गराउनु भयो। "स्वावलम्बन विकास केन्द्रका शुरुवाती दिनहरू निकै रोमाञ्चित रहे। हामीले ३० बर्ष अघि जुम्लामा सहभागितामुलक लेखाजोखा अवधारणा प्रयोग गरी जनचेतना बाँड्ने कामबाट शुरुवात गरेका थियौं। जुन उ बेलाको समाजमा निकै जरुरी थियो। स्वावलम्बन बैंकिङ कार्यक्रम शुरु गर्दा पनि सहभागिता मुलक ग्रामीण लेखाजोखा विधि प्रयोग भयो। लक्षित वर्गको पूर्व समूह छनौट गर्दा पनि यो विधि प्रयोग गर्‍यौं। गाउँलेहरू आफैले साँच्चिकै गरीब को छ भन्ने एकिन गर्थे र दुई बर्षको अवधिमा जुम्लामा ठूलो परिवर्तन देखियो। यो देखेर नै मैले लघुवित्तले समाज परिवर्तन गर्न सक्छ भन्ने विश्वास लिएको थिए। पूर्वी तराईबाट लघुवित्त शुरु गर्दाको यात्रा पनि रोमाञ्चित रह्यो। छोटो समयमा निकै ठुलो परिवर्तन ल्याउन सफल भईयो। त्यो वेला १५ सय रुपैया तलबमा काम गर्ने लघुवित्तका कर्मचारीहरूमा लाखौंको ऊर्जा हुन्थ्यो। अहिले लाखौं तलव खाने कर्मचारीमा पनि त्यो ऊर्जा छैन्। लघुवित्तहरू मर्म र सिद्धान्त छाडेर मुनाफा केन्द्रित हुँदै गए। जो पायो त्यहीलाई ऋण दिन थाले र सदस्यको क्षमता भन्दा धेरै ऋण दिन थाले। जसको कारण लघुवित्तमा अहिले केही संकट आएको छ। तर अझै पनि चिन्तित हुनु पर्ने अवस्था छैन। हामी सुध्रिनु निकै जरुरी छ। सिइओहरूले चाहेको खण्डमा २ बर्षमा लघुवित्तको रुप फेर्न सकिन्छ। स्वच्छ भएर काम गर्नुहोस् कुनै ताकतले पनि लघुवित्तलाई समस्यामा पार्न सक्दैन।" श्रेष्ठको भनाई थियो। साथै श्रेष्ठले स्वावलम्बन विकास केन्द्रको ३१औं वार्षिकोत्सवको अवसरमा केन्द्रलाई विभिन्न समयमा विभिन्न तरिकाले सहयोग र साथ दिने सम्पूर्ण व्यक्ति तथा संस्थाहरूलाई धन्यवाद दिनु भयो।

सोही अवसरमा नेपाल लघुवित्त बैङ्कर्स संघका अध्यक्ष प्रकाश राज शर्माले अहिले लघुवित्त क्षेत्रले करिव ५८ लाख सदस्यहरूमा ३७० अर्ब ऋण प्रवाह गर्न सफल भएको र जस मध्ये ८२ प्रतिशत बिना धितो ऋण प्रवाह भएको तथ्य प्रस्तुत गर्नु भयो। साथै यो सफलताको पछाडि स्वावलम्बन विकास केन्द्र र अध्यक्ष शंकर मान श्रेष्ठको ठूलो भूमिका रहेको र आगामी दिनमा पनि लघुवित्तको विकास र लघुवित्त मार्फत विपन्न वर्गको उत्थानकोलागि केन्द्रको भूमिका अझ प्रभावकारी हुँदै जाने विश्वास रहेको बताउनु भयो।

सो अवसरमा स्वावलम्बन विकास केन्द्रका कोषाध्यक्ष शोभा बज्राचार्य, केन्द्रका संस्थापक सदस्य द्वय गणेशराम श्रेष्ठ र लुमिन कुमार श्रेष्ठले पनि केन्द्रको विगत सम्झदै यात्राको क्रममा सहयोग गर्ने सबैलाई धन्यवाद दिनु भएको थियो।

वार्षिकोत्सव समारोहमा बैंक तथा वित्तीय क्षेत्रका प्रतिनिधि, केन्द्रका व्यक्तिगत सदस्य र संस्थापक सदस्यका प्रतिनिधि लगायत विभिन्न क्षेत्रका शुभचिन्तकहरूको सहभागिता रहेको थियो।

स्वावलम्बन विकास केन्द्र (CSD)
– Institute of Microfinance & Cooperative Development
पो.ब.नं. ८८५२, माइतीघर हाईट, काठमाडौं, नेपाल
फोन : ९७७-१-५३६५६३५, ५३५६७८६, Email: csd@mos.com.np, Web: www.csdnepal.org.np